# प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुर

परीक्षा समितिको मिति २०८२।०१।२५ गतेको निर्णय अनुसार स्वीकृत

# विषयसूची


प्रस्तावना ........ १

परिच्छेद - १ ........ १

प्रारम्भिक ........ १

१. संक्षिप्त नाम र प्रारम्भ ........ १

२. परिभाषा ........ १

परिच्छेद - २ ........ २

प्रशिक्षार्थी छनोट सम्बन्धी व्यवस्था ........ २

३. सञ्चालन हुने शैक्षिक कार्यक्रम लागि आवश्यक न्यूनतम योग्यता ........ २

(१) डिप्लोमा तथा प्रमाणपत्र तह ........ ३

(२) प्रि-डिप्लोमा तह ........ ३

४. प्रशिक्षार्थी छनोट सम्बन्धी व्यवस्था ........ ४

५. प्रशिक्षार्थी छनोट तथा भर्ना सम्बन्धी सूचना ........ ४

परिच्छेद - ३ ........ ४

छनोटका आधार तथा कोटा सम्बन्धी व्यवस्था ........ ४

६. छनोटको आधार ........ ४

७. कोटाहरूको व्यवस्था ........ ५

(१) पूर्ण शुल्कीय कोटा ........ ५

(२) छात्रवृत्ति कोटा ........ ७

२.१ वर्गीकृत (निःशुल्क) छात्रवृत्ति वितरण ........ ८

२.२ जेहेन्दार छात्रवृत्ति (पूर्ण शुल्कीय कोटाहरू मध्येबाट) ........ ९

२.३ प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम ........ १०

परिच्छेद - ४ ........ १०

आवेदन फाराम सम्बन्धी व्यवस्था ........ १०

८. अनलाइन आवेदन फाराम सम्बन्धी व्यवस्था ........ १०

९. आवेदन फारामका किसिमहरू ........ ११

(१) डिप्लोमा तथा प्रमाणपत्र तहका कार्यक्रम ........ ११

(२) प्रि-डिप्लोमा तहका कार्यक्रम ........ ११

१०. पूर्ण शुल्कीय कोटाको अनलाइन आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू ........ १२

(१) पूर्ण शुल्कीय खुल्ला कोटा ........ १२

(२) पूर्ण शुल्कीय लक्षित वर्ग कोटा ........ १२

(३) पूर्ण शुल्कीय प्रि-डिप्लोमा कोटा ........ १२

११. वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटाको अनलाइन आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू ........ १२

(१) प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रममा आवेदन फारामका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू ........ १३

१३. औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) कार्यक्रम आवेदन फाराम ........ १४

१४. अनलाइन आवेदन फाराम भर्दा ध्यान दिनु पर्ने कुराहरू ........ १४

परिच्छेद - ५ ........ १४

योग्यताक्रम निर्धारण सम्बन्धी व्यवस्था ....................१४
१५. वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको योग्यताक्रम निर्धारण तथा सिफारिस ....................१५
१६. पूर्ण शुल्कीय तर्फको योग्यताक्रम सूची प्रकाशन तथा सिफारिस ....................१६
१७. प्रशिक्षार्थी छनोट गरी भर्नाका लागि सिफारिस उप-समिति ....................१६
परिच्छेद - ६ ....................१८
प्रशिक्षार्थी भर्ना सम्बन्धी व्यवस्था ....................१८
१८. प्रशिक्षार्थी भर्ना गर्दा शिक्षालयले अबलम्बन गर्नु पर्ने प्रकृया ....................१८
१९. शिक्षालयहरुले पूर्ण शुल्कीय तर्फ प्रशिक्षार्थी भर्ना गर्दा अपनाउनु पर्ने प्रक्रिया ....................१९
२०. शिक्षालयले वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको प्रशिक्षार्थीहरू भर्ना गर्दा अपनाउनु पर्ने प्रक्रिया ....................२०
२१. सिफारिस गरिएका उम्मेद्वारहरूले शिक्षालयमा भर्नाका समयमा पेश गर्नुपर्ने आवश्यक कागजातहरु ....................२१
परिच्छेद - ७ ....................२१
रजिष्ट्रेशन सम्बन्धी व्यवस्था ....................२१
२२. रजिष्ट्रेशनका लागि आवश्यक कागजातहरु ....................२१
परिच्छेद - ८ ....................२२
शुल्क सम्वन्धी व्यवस्था ....................२२
२३. आवेदन फाराम शुल्क ....................२२
परिच्छेद ९ ....................२३
विविध ....................२३
२४. अनुगमन ....................२३
२५. शैक्षिक क्यालेण्डरको निर्माण र कार्यन्वयन ....................२३
२६. खारेजी र बचाऊ ....................२४
अनुसूची १ ....................२५
अनुसूची २ ....................२६
अनुसूची ३ ....................२७
अनुसूची ४ ....................२७
अनुसूची ५ ....................२८
अनुसूची ६ ....................३०
अनुसूची ७ ....................३१
अनुसूची ८ ....................३२
अनुसूची ९ ....................३३
अनुसूची १० ....................३५
अनुसूची ११ ....................३६
अनुसूची १२ ....................३७

## प्रस्तावना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, परीक्षा सम्बन्धी विनियमावली, २०७१ को विनियम ५५ को अधिकार प्रयोग गरी परीक्षा समितिले प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनोट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२ बनाएको छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, परीक्षा सम्वन्धी बिनियमावली, २०७१ को परिच्छेद १४, बिनियम ४५ देखि ४८ सम्ममा प्रवेश परीक्षा संचालन, व्यवस्थापन तथा नतिजा प्रकाशन उप समितिको व्यवस्था रहेको र सो उप समिति मार्फत प्रवेश परीक्षा संचालन गरी प्रशिक्षार्थी भर्नाका लागि सिफारिश गर्दै आइरहेकोमा तत्काल एस.ई.ई/एस.एल.सी उत्तीर्ण गरी आएका बिद्यार्थीहरुलाई अंग्रेजी, गणित र बिज्ञान बिषयकै प्रश्नहरु सोधी नतिजा प्रकाशन गर्दा लामो समयसम्म भर्ना चालु रहने गरेकोले सम्पुर्ण कार्यक्रमहरुको शैक्षिक सत्र २०८२/०८३ देखि अनलाईन आवेदन फाराम भराई एस.इ.ई/एस.एल.सी को प्राप्तांकको आधारमा छनौट गरिनेछ । एस.ई.ई को प्राप्तांकलाई जिपिए ४ अंक भार हुनेछ । जसमा सामुदायिक बिद्यालयमा अध्ययन गरेकालाई १ अंक र संस्थागत बिद्यालयमा अध्ययन गरेकालाई ०.८५ अंक गणना गरी योग्यताक्रम निर्धारण गर्ने गरी परीक्षा नियन्त्रण कार्यालयलाई निर्देशन दिने भनी प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२।०१।२६ गतेको २०७ औं बैठकको निर्णय बमोजिम यो निर्देशिका जारी गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो निर्देशिकाको नाम "प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनोट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२" रहेको छ ।

ख) यो निर्देशिका परिषद्, परीक्षा समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "ऐन" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ सम्झनु पर्छ ।

ख) "नियम" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०५१ सम्झनु पर्छ ।

ग) "विनियमावली" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा सञ्चालन सम्बन्धी विनियमावली २०७१ सम्झनु पर्छ।

घ) "समिति" भन्नाले परीक्षा सम्बन्धी विनियमावली २०७१ (पहिलो संशोधन २०७२) को विनियम ४ बमोजिम गठित परीक्षा समितिलाई सम्झनु पर्छ।

ङ) "एस.एल.सी. वा एस.ई.ई." भन्नाले कक्षा १० को अन्त्यमा लिइने प्रवेशिका परीक्षा वा माध्यमिक शिक्षा परीक्षालाई जनाउँदछ।

च) "प्रि-डिप्लोमा" भन्नाले परिषद्बाट प्रि-डिप्लोमा वा प्राविधिक एस.एल.सी. उत्तीर्ण उपाधिलाई जनाउँदछ ।

छ) "कर्मचारी" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ को विनियम (२) को (ढ) बमोजिम सेवाको पदमा स्थायी रूपमा बहाल रहेको व्यक्ति सम्झनु पर्दछ ।

ज) "परिवार" भन्नाले सोही विनियमावलीको विनियम (२) को (य) बमोजिम कर्मचारीसँग बस्ने तथा निज आफैंले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाबु तर्फका बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासू, ससुरा समेत जनाउँदछ ।

झ) "परिषद्" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई जनाउँदछ ।

ञ) "प.नि.का." भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयलाई जनाउँदछ ।

ट) "प्रदेश कार्यालय" भन्नाले परिषद्बाट स्थापना गरिएका परिषद्का सात वटा प्रदेश कार्यालयहरू सम्झनु पर्दछ।

ठ) "शिक्षालय" भन्नाले परिषद्का आङ्गिक, साझेदारी, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स) र निजी स्तरमा सम्बन्धन स्वीकृति प्राप्त शिक्षण संस्थालाई सम्झनु पर्दछ।

ड) "पूर्ण शुल्कीय खुल्ला कोटा" भन्नाले छात्रवृत्ति बाहेकका कोटामा शुल्क तिरी अध्ययन गर्ने कोटा सम्झनु पर्दछ ।

ढ) "पूर्ण शुल्कीय लक्षित वर्ग कोटा" भन्नाले छात्रवृत्ति बाहेकका कोटामा लक्षित वर्गका लागि तोकिएको शुल्क तिरी अध्ययन गर्ने कोटा सम्झनु पर्दछ ।

ण) "वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटा" भन्नाले पूर्ण शुल्कीय बाहेकका कोटामा शुल्क नतिरी अध्ययन गर्ने कोटा सम्झनु पर्दछ ।

त) "जेहेन्दार छात्रवृत्ति कोटा" भन्नाले पूर्ण शुल्कीय तर्फ भर्ना छनोटको योग्यताक्रम सूचीमा रहेको प्रथम वा सेमेष्टर/वार्षिक परीक्षामा उच्चतम अंक प्राप्त गरी शुल्क नतिरी अध्ययन गर्ने कोटा सम्झनु पर्दछ ।

थ) "प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति" भन्नाले दलित, मुस्लिम, विपन्न तथा सीमान्तकृत समुदाय छात्रछात्राहरूलाई प्रदान गरिने छात्रवृत्ति र प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तहमा स्थायी बसोबास गर्ने छात्रछात्राहरूलाई प्रदान गरिने आवासीय सुविधा सहितको छात्रवृत्तिलाई जनाउँदछ । सीमान्तकृत समुदायको हकमा नेपाल सरकारबाट सूचीकृत सुविधा बञ्चित २२ वटा आदिवासी जनजाति समूहहरू (बनकरिया, बराम, बोटे, चेपाङ्ग, दनुवार, धानुक, हायू, झागड, किसान, कुसुन्डा, लेप्चा, माझी, मेचे, कुसवाडिया, राजी, राउटे, सतार, सिंसा (ल्होमी), सियार, सुरेल, थामी र थुनम) र हलिया र कमैया समेतलाई बुझाउनेछ ।

द) "औद्योगिक प्रशिक्षार्थी तालिम (एप्रेन्टिशिप)" भन्नाले उद्योग/व्यवसाय, शिक्षालय र औद्योगिक प्रशिक्षार्थी बीच त्रिपक्षिय सम्झौता गरी संयुक्तरूपमा सञ्चालित तालिमलाई सम्झनु पर्दछ ।

ध) "Application Acceptance Card" भन्नाले प्राविधिक शिक्षा अध्ययनका लागि आवेदकले अनलाइन आवेदन फाराम Submit गरे पश्चात रुजु भई प्राप्त हुने फाराम स्वीकृति भएको फोटोसहितको निस्सालाई बुझाउनेछ ।

## परिच्छेद - २
## प्रशिक्षार्थी छनोट सम्बन्धी व्यवस्था

### ३. सञ्चालन हुने शैक्षिक कार्यक्रम लागि आवश्यक न्यूनतम योग्यता

परिषद्बाट सम्बन्धन स्वीकृति प्राप्त शिक्षालयहरूमा सञ्चालन हुने शैक्षिक कार्यक्रम अध्ययनका लागि आवेदकहरूको न्यूनतम शैक्षिक योग्यता निम्नानुसार हुनुपर्नेछ ।

**(१) डिप्लोमा तथा प्रमाणपत्र तह**

क) अक्षराङ्कन पद्धति लागू हुनु पूर्वका आवेदकहरूको हकमा

| क्र.सं. | शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | प्रमाणपत्र तह<br>नर्सिङ्ग/मिडवाइफरी | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण वा कुल प्राप्ताङ्कमा ४५ प्रतिशत अंक प्राप्त वा एस.एल.सी. उत्तीर्ण भई परिषद्बाट संचालन हुने कार्यक्रमसँग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |
| २. | क्र.सं. १ बाहेकका डिप्लोमा तहका अन्य सम्पूर्ण कार्यक्रमहरू | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद्बाट संचालन हुने कार्यक्रमसँग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |

ख) अक्षराङ्कन पद्धति लागू भएपछिको प्रवेशिका परीक्षाको हकमा

| क्र.सं. | शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १ | स्वास्थ्य कार्यक्रमहरूको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा स्तरीकृत अंक ४.० मा न्यूनतम २.० जी.पी.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |
| २ | स्वास्थ्य बाहेक अन्य सम्पूर्ण कार्यक्रमहरूको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा स्तरीकृत अंक ४.० मा न्यूनतम १.६ जी.पी.ए. अथवा सो सरह वा परिषद्बाट संचालन हुने कार्यक्रमसँग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको। |

ग) डिप्लोमा इन बायोमेडिकल इक्युप्मेन्ट इन्जिनियरिङको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा प्रमाणपत्र तह वा कक्षा १२ उत्तीर्ण गरेको । डिप्लोमा इन वायोमेडिकल इक्विप्मेन्ट इन्जिनियरिङको शैक्षिक कार्यक्रमको अध्ययन अवधि १८ महिना र सो बाहेक अन्य सबै शैक्षिक कार्यक्रमहरूको अध्ययन अवधि ३ (तीन) वर्षको हुनेछ ।

घ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत सञ्चालन हुने डिप्लोमा तथा प्रमाणपत्र तहका कार्यक्रमहरूमा प्रि-डिप्लोमा तह वा ९-१० प्राविधिक धार वा सो सरह उत्तीर्ण गरेकाहरूले आफूले अध्ययन गरेको कार्यक्रम अथवा सोही संकाय अन्तर्गतको अन्य कार्यक्रममा समेत अध्ययन गर्न पाउने।

**(२) प्रि-डिप्लोमा तह**

प्रि-डिप्लोमा तहका कार्यक्रममा अध्ययन गर्नका लागि आवेदकले एस.ई.ई. वा सो सरहको परीक्षाका सम्पूर्ण विषयको परीक्षामा समावेस भएको हुनु पर्नेछ । एस.ई.ई. परीक्षाको नतिजामा Non Graded (NG) लागेका विद्यार्थीहरू समेत यो तहको कार्यक्रममा सहभागी हुन सक्नेछन्।

**४. प्रशिक्षार्थी छनोट सम्बन्धी व्यवस्था**

परीक्षा नियन्त्रण कार्यालयद्वारा सञ्चालित छात्रवृत्ति तथा पूर्ण शूल्कीय कार्यक्रमहरूमा छनौट भर्ना सिफारिस तथा भर्ना प्रकृयालाई व्यवस्थित, मर्यादित, पारदर्शी र प्रविधिमैत्री ढङ्गले सञ्चालन गर्ने गराउने सम्बन्धी कार्य परीक्षा सम्बन्धी विनियमावली २०७१ को विनियम ४५ बमोजिम गठित उप-समितिले गर्ने छ ।

**५. प्रशिक्षार्थी छनोट तथा भर्ना सम्बन्धी सूचना**

परिषद्बाट सम्बन्धन स्वीकृति प्राप्त शिक्षालयहरूमा सञ्चालन हुने शैक्षिक कार्यक्रममा प्रशिक्षार्थी छनौट गरी भर्ना गर्नका लागि परिषद् प.नि.का. द्वारा गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा आवेदन माग गरी सार्वजनिक सूचना प्रकाशन गरिनेछ । भर्नाको सूचना प्रकाशन भए पश्चात् मात्र शिक्षालयहरूले आफ्नो स्वीकृत कार्यक्रमहरूको लागि राष्ट्रिय र स्थानीय स्तरका प्रभावकारी सञ्चार माध्यमहरू (पत्र-पत्रिका, रेडियो तथा सामाजिक सञ्जाल) बाट सूचना प्रवाह गर्नु पर्नेछ।

## परिच्छेद - ३

## छनोटका आधार तथा कोटा सम्बन्धी व्यवस्था

**६. छनोटको आधार**

क) डिप्लोमा तथा प्रमाणपत्र तहका कार्यक्रमको हकमाः

एस.ई.ई परीक्षामा प्राप्त औसत ग्रेड प्वाइन्ट (GPA) को आधारमा खण्ड (अ) बमोजिमको अंक जोडि उच्च अंक प्राप्त गर्ने उम्मेद्वारको योग्यताक्रम सूची निर्धारण गरिनेछ । अक्षराङ्क पद्दति लागु हुनु भन्दा अगाडीको एस.एल.सी. परीक्षाको प्राप्तांकलाई औसत ग्रेड प्वाइन्टमा रूपान्तरण गरी उम्मेद्वारको योग्यताक्रम सूची निर्धारण गरिनेछ। यसको लागि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रबाट जारी भएको “लेटर ग्रेडिङ्ग, निर्देशिका, २०७८ (संशोधन सहित)” मा भएको व्यवस्था बमोजिम हुनेछ ।

| क.स. | उपलब्धि प्रतिशत | स्तरिकृत अंक | अक्षरमा उपलव्धिस्तर | उपलव्धिस्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सो भन्दा माथी | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सो भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सो भन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सो भन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सो भन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सो भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सो भन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

(अ) सरकारी वा सामुदायिक विद्यालयबाट एस.ई.ई वा एस. एल.सी. उत्तीर्णलाई थप अंकभार वापत १ र संस्थागत विद्यालयबाट उत्तीर्णलाई थप अंकभार वापत ०.८५ दिइनेछ ।

(आ) एस.एल.सी./एस.ई.ई. को नतिजा पनि बराबर भएमा एस.एल.सी./एस.ई.ई. परीक्षाको क्रमशः अनिवार्य गणित, विज्ञान र अंग्रेजीको Final Grade को आधारमा योग्यताक्रम प्रकाशित गरिनेछ ।

(इ) दफा ६ (क) (आ) अनुसार पनि अंक बराबर भएमा पिछडिएको दुर्गम क्षेत्रबाट एस.एल.सी. वा एस.ई.ई. उत्तीर्ण भएका उम्मेद्वारलाई प्राथमिकता दिइने छ ।

(ई) दफा ६ (क) (इ) अनुसार पनि अंक बराबर भएमा जन्म मितिलाई आधार मानी बढी उमेर भएकालाई प्राथमिकता दिइनेछ ।

नोटः

१) अनलाइन आवेदन फारम भर्दा एस.ई.ई. मा अक्षराङ्कन पद्धति लागू भएपछिको हकमा गणित, विज्ञान र अंग्रेजीको Grade Point Entry गर्नु पर्छ भने अक्षराङ्कन पद्धति लागू हुन पूर्वको हकमा एस.एल.सीका सवै विषयको प्राप्तांक Entry गर्नु पर्नेछ।

२) अक्षराङ्कन पद्धति लागू हुन पूर्वको हकमा GPA गणना गर्न निम्न बमोजिमको सूत्र प्रयोग गरिनेछ

$$GPA = \frac{\sum(Grade\ Point\ \times Credit\ Hour)}{Total\ credit\ hour\ of\ the\ Grade}$$

ख) प्रि-डिप्लोमा तहका कार्यक्रमहरूको हकमाः

एस.ई.ई. परीक्षाको नतिजामा ग्रेड प्राप्त गरेका आवेदकहरूको योग्यताक्रम सूची निर्धारण गर्दा दफा ६ (क) मा उल्लेख भए अनुसार नै हुनेछ। एस.ई.ई. को नतिजामा Non Graded (NG) लागेका विद्यार्थीहरूको योग्यताक्रम सूची निर्धारण गर्दा एस.ई.ई. उत्तीर्ण गरेकाहरूको योग्यताक्रम सूची भन्दा पछाडि राखिनेछ ।

(अ) एस.ई.ई. परीक्षाको अनिवार्य गणित, विज्ञान र अंग्रेजीको नतिजामा ग्रेड प्राप्त गरेका आवेदकहरूलाई प्राथमिकता दिईने छ ।

(आ) दफा ६ (ख) (अ) अनुसार प्राप्ताङ्क बराबर भएमा एस.ई.ई. परीक्षाको अनिवार्य गणित, विज्ञान र अंग्रेजी विषयहरू मध्ये कुनै दुई विषयमा Grade प्राप्त गरेका आवेदकलाई प्राथमिकता दिइनेछ।

(इ) दफा ६ (ख) (आ) अनुसार पनि प्राप्ताङ्क बराबर भएमा एस.ई.ई. परीक्षाको अनिवार्य गणित, विज्ञान र अंग्रेजी विषयहरू मध्ये कुनै एक विषयमा Grade प्राप्त गरेका आवेदकलाई प्राथमिकता दिइनेछ।

(ई) दफा ६ (ख) (इ) अनुसार पनि प्राप्ताङ्क बराबर भएमा दफा ६ (क) (ई) मा उल्लेख भए बमोजिम योग्यताक्रम निर्धारण गरिनेछ ।

**७. कोटाहरूको व्यवस्था**

परिषद्बाट सम्बन्धन स्वीकृति प्राप्त शिक्षालयहरूमा सञ्चालन हुने प्रत्येक कार्यक्रममा पूर्ण शुल्कीय र वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटाहरूको व्यवस्था गरिएको छ ।

**(१) पूर्ण शुल्कीय कोटा**

तोकिए बमोजिमको शुल्क तिरी अध्ययन गर्ने देहायका कोटाहरू पूर्ण शुल्कीय कोटामा पर्दछन् ।

क) **पूर्ण शुल्कीय खुल्ला कोटा**ः छात्रवृत्ति र आरक्षित कोटाहरू बाहेकका कोटाहरू पूर्ण शुल्कीय खुल्ला कोटा अन्तर्गत रहनेछन्। शिक्षालयले छुट्टै प्रायोजित कोटा निर्धारण गर्न पाउने छैन।

ख) **पूर्ण शुल्कीय आरक्षित कोटा**ः पूर्ण शुल्कीय आरक्षित कोटा अन्तर्गत शुल्क तिरी अध्ययन गर्ने आरक्षण गरिएका देहायका कोटाहरू पर्दछन् ।

**(अ) परिषद् कर्मचारी वा परिवार आरक्षण कोटाः** परिषद्का प्रत्येक आङ्गिक र साझेदारी शिक्षालयमा प्रत्येक कार्यक्रममा १ सिट परिषद्का कर्मचारी तथा निजको आश्रित परिवारलाई कोटा निर्धारण गरिने छ । यस कोटामा आवेदन फाराम भर्ने परिषद् सेवामा कार्यरत कर्मचारीले परिषद् केन्द्रीय कार्यालय वा प्रदेश कार्यालयको सिफारिस पत्र पेश गर्नु पर्नेछ । यसरी निर्धारण गरिएको कोटामा प्रशिक्षार्थी छनोट गर्दा सोही समूह बीच प्रतिस्पर्धा गराई छनोट गरिनेछ । कर्मचारी परिवार कोटा रिक्त हुन गएको अवस्थामा परिषद्को करार

सेवामा कम्तीमा ३ (तीन) वर्ष सेवा अवधि पूरा गरेका व्यक्तिका परिवारले कर्मचारी परिवार कोटामा अध्ययनका लागि प्रतिस्पर्धा गर्न सक्नेछन् ।

(आ) **प्रि-डिप्लोमा कोटा**ः शिक्षालयहरूमा सञ्चालन हुने डिप्लोमा तथा प्रमाणपत्र तहका प्रत्येक कार्यक्रममा प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा उत्तीर्ण गरेका उम्मेद्वारहरूका लागि १० प्रतिशत कोटा निर्धारण गरिएको छ । प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा उत्तीर्ण गरेका उम्मेद्वारहरूले तलको तालिकामा उल्लेख भए अनुसारका कार्यक्रमहरूमा मात्र आवेदन दिन पाउनेछन् । तर प्रमाणपत्र तह मेडिकल ल्याब टेक्नोलोजी कार्यक्रममा ५० प्रतिशत सिट संख्या ल्याब असिस्टेन्टको लागि छुट्ट्याइएको छ । यसरी निर्धारण गरिएको कोटामा सोही समूह बीच प्रतिस्पर्धा गराई छनोट गरिनेछ।

| प्रि-डिप्लोमा कार्यक्रम | डिप्लोमा तथा प्रमाणपत्र तहमा आवेदन दिन पाउने कार्यक्रम |
|---|---|
| सिएमए | सामान्य चिकित्सा, फार्मेसी र फिजियोथेरापी/अकुपन्चर |
| अनमी | नर्सिङ्ग, मिडवाइफरी र फिजियोथेरापी/अकुपन्चर |
| ल्याव असिस्टेण्ट | मेडिकल ल्याव टेक्नोलोजी |
| आयुर्वेद | आयुर्वेद र फिजियोथेरापी/अकुपन्चर |
| स्यानिटेशन इन्जिनियरिङ्ग | सिभिल इन्जिनियरिङ्ग, आर्किटेक्चर |
| सर्भे (अमिन) | जियोमेटिक्स इन्जिनियरिङ्ग र सिभिल इन्जिनियरिङ्ग, आर्किटेक्चर |
| अटोमोवाइल इन्जिनियरिङ्ग | अटोमोवाइल इन्जिनियरिङ्ग र मेकानिकल इन्जिनियरिङ्ग |
| मेकानिकल इन्जिनियरिङ्ग | मेकानिकल इन्जिनियरिङ्ग, अटोमोवाइल इन्जिनियरिङ्ग, र मेकाट्रोनिक्स इन्जिनियरिङ्ग |
| इलेक्ट्रिकल | इलेक्ट्रिकल इन्जिनियरिङ्ग, हाइड्रोपावर इन्जिनियरिङ्ग, इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग र मेकाट्रोनिक्स इन्जिनियरिङ्ग |
| इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, मेकाट्रोनिक्स इन्जिनियरिङ्ग |
| सिभिल इन्जिनियरिङ्ग | सिभिल इन्जिनियरिङ्ग, जियोमेटिक्स इन्जिनियरिङ्ग, हाइड्रोपावर इन्जिनियरिङ्ग र एग्रिकल्चरल इन्जिनियरिङ्ग, आर्किटेक्चर |
| कम्प्युटर ईन्जिनियरिङ्ग, जुनियर कम्प्युटर टेक्निसियन | कम्प्युटर ईन्जिनियरिङ्ग, इन्फरमेशन टेक्नोलोजी |
| रेफ्रिजिरेशन एण्ड एयरकण्डिसनिङ्ग इन्जिनियरिङ्ग | रेफ्रिजिरेशन एण्ड एयरकण्डिसनिङ्ग इन्जिनियरिङ्ग |
| कृषि (वाली विज्ञान), कृषि (पशु विज्ञान), लाइभस्टक प्रोडक्सन/एनिमल हेल्थ | कृषि (पशु विज्ञान), कृषि (वाली विज्ञान), वन विज्ञान र मेडिसिनल एण्ड एरोमेटिक्स प्लान्ट्स, फुड एण्ड डेरी टक्नोलोजी |
| भेटेरिनरी साइन्स | कृषि (पशु विज्ञान), कृषि (वाली विज्ञान) |
| होटल मेनेजमेण्ट, कुलिनरी आर्टस् | होटल मेनेजमेण्ट |
| इन्टरप्रेनरसिप डेभलपमेण्ट | इन्टरप्रेनरसिप डेभलपमेण्ट र सोसियल वर्क्स |
| सोसल मोबिलाइजेसन | सोसियल वर्क्स र इन्टरप्रेनरसिप डेभलपमेण्ट |
| कम्प्युटर एप्लिकेशन एण्ड सेक्रेटरियल मेनेजमेण्ट | सोसियल वर्क्स र इन्टरप्रेनरसिप डेभलपमेण्ट |
| - | ब्युटी एण्ड कस्मेटोलोजी |
| - | फेशन डिजाईन |

इ) **पुरुष नर्सिङ कोटा**ः प्रवीणता प्रमाणपत्र तह नर्सिङ कार्यक्रम अध्ययन गर्न चाहने पुरुष उम्मेद्वारहरूलाई स्वीकृत कोटाको १५ प्रतिशत पूर्ण शुल्कीय कोटा छुट्याइएको छ ।

ई) **पूर्ण शुल्कीय लक्षित वर्ग कोटा**ः अपाङ्ग, पिछडिएको दुर्गम क्षेत्र, दलित, महिला, आदिवासी/जनजाति, मुस्लिम, मधेशी र जनआन्दोलन/जनयुद्ध/मधेश आन्दोलनका घाइते वा द्वन्द्व पिडित/विस्थापित/बेपत्ता/शहीद परिवार वा निजको सन्तति लागि तपसिलमा उल्लेख भए बमोजिमको संख्यामा पूर्ण शुल्कीय लक्षित वर्ग कोटा निर्धारण गरिएको छ ।

| २० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | ३० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | ४० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | ४० भन्दा माथि स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा |
|---|---|---|---|
| २ जना | ३ जना | ४ जना | ५ जना |

ग) यस लक्षित वर्गमा सामुदायिक तथा संस्थागत विद्यालयहरूमा अध्ययन गरेका आवेदकहरू सहभागी हुन पाउनेछन् ।

घ) यस कोटामा प्रशिक्षार्थी छनोट गर्दा उल्लेखित सबै लक्षित वर्गका आवेदकहरूको योग्यताक्रम अनुसार छनोट गरिनेछ।

ङ) पूर्ण शुल्कीय लक्षित वर्ग कोटामा फाराम भरेका आवेदकहरु पूर्ण शुल्कीय खुल्ला कोटामा स्वतः आवेदक हुनेछन्।यस्ता आवेदकहरूलाई पूर्ण शुल्कीय र लक्षित वर्ग दुवै तर्फ प्रतिक्षा सूचीमा नाम समावेश गर्नुपर्नेछ ।

च) आरक्षण गरिएका कोटाहरूमा आवेदन नपरेमा त्यस्ता रिक्त कोटाहरू पूर्ण शुल्कीय खुल्ला कोटामा थप गरी योग्यताक्रम सूची कायम गरिनेछ

**(२) छात्रवृत्ति कोटा**

परिषद् अन्तर्गतका शिक्षालयहरूमा प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा भर्ना हुने प्रशिक्षार्थीहरुको संख्या जतिसुकै भएतापनि प्रत्येक शैक्षिक कार्यक्रममा नेपाली नागरिकलाई देहाय बमोजिमको कोटा संख्यामा छात्रवृत्ति प्रदान गरिनेछ ।

तपसिल :

| क.सं | छात्रवृत्तिको विवरण | प्रत्येक २० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | प्रत्येक ३० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | प्रत्येक ४० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | प्रत्येक ४८ स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा |
|---|---|---|---|---|---|
| १. | वर्गीकृत (नि:शुल्क) | १ | २ | ३ | ४ |
| २. | जेहेन्दार | १ | १ | १ | १ |

क) शिक्षालयमा कुनै कार्यक्रम संचालन नहुने अवस्था आइपरेमा यस बमोजिमको छात्रवृत्तिका लागि सिफारिस गरिने छैन । तर त्यसरी कार्यक्रम सञ्चालन गर्न असमर्थ हुने शिक्षालयले भर्नाको आवेदन फाराम भर्ने अन्तिम दिनको भोलिपल्ट उपयुक्त कारण सहित सम्वन्धित प्रदेश कार्यालय मार्फत प.नि.का.मा जानकारी गराउनु पर्नेछ। अन्यथा नियमानुसार कारबाही हुनेछ ।

ख) छात्रवृत्ति प्राप्त गर्ने प्रशिक्षार्थीले प्रचलित कानुन विपरीत काम गरेको ठहर भएमा छात्रवृत्तिको सुविधा स्वतः खारेज हुनेछ ।

ग) परिषद्बाट छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने प्रशिक्षार्थीले अध्ययन पश्चात नेपाल सरकारले चाहेमा खटाएको स्थानमा गई तोकिएको समयसम्म सेवा गर्नु पर्नेछ । सो का लागि आवेदन फाराममा उल्लेख भए बमोजिमको कबुलियतनामा गर्नुपर्नेछ ।

घ) कुनै पनि प्रशिक्षार्थीले यस निर्देशिका बमोजिमको शैक्षिक कार्यक्रम अध्ययनका लागि परिषद् वा अन्य सरकारी निकायबाट उपलब्ध गराइने छात्रवृत्तिहरु मध्ये निजले रोजेको एउटा मात्र छात्रवृत्ति प्राप्त गर्नेछ ।

ङ) छात्रवृत्ति पाउने मनसायले नक्कली कागजपत्रहरु पेश गरी छात्रवृत्ति पाएको ठहर भएमा जुनसुकै अवस्थामा प.नि.का.ले रजिष्ट्रेशन खारेज गरी निज उपर प्रचलित कानुन बमोजिम कारबाहीका लागि सिफारीस गर्नेछ । त्यस्ता आवेदकहरूलाई परिषद्बाट संचालन हुने कुनै पनि किसिमको प्रशिक्षार्थी छनोट कार्यक्रममा ५ वर्षसम्म समावेश गराइने छैन ।

च) छात्रवृत्तिमा प्रशिक्षार्थी छनोटको योग्यताक्रम सूचीमा रहेका उम्मेद्वारहरू पूर्ण शुल्कीय कोटामा भर्ना भई रजिष्ट्रेशन कायम भए पश्चात छात्रवृत्ति कोटा रिक्त रहेता पनि छात्रवृत्तिमा स्थानान्तरण गरिने छैन ।

छ) छात्रवृत्तिमा सिफारिस भई भर्ना भएका प्रशिक्षार्थीहरूसँग सम्बन्धित शिक्षालयले प्रशिक्षण, प्रयोगात्मक, रजिष्ट्रेशन, नियमित परीक्षा आवेदन, पुस्तकालय, प्रयोगात्मक स्थलसम्मको यातायात शुल्क लगायतका कुनै पनि शूल्क लिन पाउने छैन । तर अध्ययन अवधिभर खान, बस्न, पोशाक र आवश्यक स्टेशनरीको व्यवस्था प्रशिक्षार्थी आफैंले गर्नु पर्नेछ ।

**२.१ वर्गीकृत (निःशुल्क) छात्रवृत्ति वितरण**

क) नेपालको सरकारी वा सामुदायिक विद्यालयबाट ए.एल.सी. वा एस.ई.ई., परिषद्का आङ्गिक शिक्षालय र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स) सञ्चालन भएका विद्यालयहरूबाट प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा परीक्षा वा सो सरह उत्तीर्ण गरेका दफा ३ अनुसारको न्यूनतम योग्यता पुगेका नेपाली नागरिकलाई दफा ७ (२) अनुसार प्रत्येक प्रदेशमा कुल संख्यालाई १०० प्रतिशत कायम गरी उक्त संख्यालाई ५०-५० प्रतिशतमा साधारण र लक्षित वर्ग गरी दुई समूहमा विभाजन गरी यस दफा ७ (२) २.१ (आ) को तालिकामा उल्लेख भए बमोजिमको संख्यामा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति प्रदान गरिनेछ ।

अ) **साधारण समूहः** साधारण समूहको लागि कायम गरिएको सिट संख्यालाई सत प्रतिशत कायम गरी योग्यता पुगेका नेपाली नागरिकहरूलाई वर्गीकृत (निःशुल्क) छात्रवृत्ति प्रदान गरिनेछ ।

आ) **लक्षित वर्ग समूहः** तोकिए बमोजिमको योग्यता पुगेका तपसिलका लक्षित वर्गका नेपाली नागरिकहरूलाई उल्लेख भए बमोजिमको प्रतिशतलाई सत प्रतिशत कायम गरी निम्न बमोजिम आरक्षित गरिएको प्रतिशतमा कार्यक्रम अनुसारको सिट संख्यामा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति प्रदान गरिनेछ ।

| क्र.सं. | लक्षित वर्ग | | आरक्षित प्रतिशत |
|---|---|---|---|
| १. | **महिला** | **२८** | |
| | क. दलित समूदायका महिला | ३ | **३३** |
| | ख. मुस्लिम समुदायका महिला | २ | |
| २. | दलित | | ९ |
| ३. | आदिवासी जनजाति | | १५ |
| ४. | खस आर्य | | १७ |
| ५. | **मधेशी** | ९ | |
| | क. मधेशी दलित | ३ | १२ |
| ६. | थारु | | ४ |
| ७. | मुस्लिम | | २ |
| ८. | पिछडिएको क्षेत्रका व्यक्ति | | ४ |
| ९. | अपाङ्गता भएको व्यक्ति | | २ |
| १०. | सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरुको परिवार र द्वन्द्व पीडित | | २ |

ख) दफा ७ (२) २.१ (क) (आ) बमोजिम दलित समुदायका महिला र मुस्लिय समुदायका महिला स्वतः महिला कोटाको लागि आवेदक हुनेछन् । साथै दलित समुदायका महिला र मुस्लिम समुदायक महिलाको लागि छुट्याईएको सिटमा सम्बन्धित समुदायका महिला उपलब्ध नभएमा त्यस्तो सिटमा अन्य समुदायका महिलालाई छनोट गरिनेछ ।

ग) दफा ७ (२) २.१ (क) (आ) ५ को क. बमोजिम मधेशी दलित स्वतः मधेशी समुदायको कोटाको लागि समेत आवेदक हुनेछन्। साथै मधेशी दलित समुदायको लागि छुट्याइएको सिटमा सम्बन्धित समुदायका व्यक्ति उपलव्ध नभएमा त्यस्तो सिटमा मधेशी समुदायका अन्य व्यक्तिलाई छनोट गरिनेछ ।

घ) दफा ७ (२) २.१ (क) (आ) को लक्षित वर्गको उप-वर्गमा रहेका १ को क., ख. र ५ को क. उप-वर्गमा रहेका आवेदकहरू आफ्नो छुट्याइएको वर्गका अतिरिक्त महिला र मधेशी समेत आवेदक हुने भएकाले सोही अनुसार भर्नाका लागि छनोटका योग्यताक्रम सूचीमा समावेश गर्नु पर्नेछ।

**स्पष्टीकरण**: साधारण समूह भित्र वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको लागि आवेदन दिई स्वीकृत सम्पूर्ण आवेदकहरू पर्दछन् । महिला आवेदकहरूले आवेदन फाराममा महिला वर्ग भनी उल्लेख गर्न छुट भए तापनि निजहरुलाई सोही वर्गको मानी आरक्षित प्रतिशतमा प्रतिस्पर्धा गराइनेछ । यसरी कायम हुन आउने कोटा संख्यालाई लक्षित वर्गको प्रतिशत बमोजिम भाग लगाउँदा सबै लक्षित वर्गमा भाग नपुग्ने अवस्था आएमा दफा ७ (२) २.१ (क) (आ) मा उल्लेखित लक्षित वर्गलाई तोकिएको प्रतिशत मध्ये क्रमशः बढी प्रतिशतबाट भाग लगाई कोटा निर्धारण गर्नुपर्नेछ।लक्षित वर्ग समूह भित्रका उप समूहको प्रतिशत बराबर भएको अवस्थामा क्रमशः माथिबाट कोटा निर्धारण गर्नु पर्नेछ ।

ङ) यस अघि शिक्षालय संचालक समितिको निर्णयानुसार स्वीकृत सम्पूर्ण सिटहरूमा कोटा निर्धारण गरिसकेका शिक्षालयहरूले समेत अनिवार्य रुपमा यो निर्देशिका बमोजिमको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटा निर्धारण गर्नु पर्नेछ ।

च) माथिका दफामा जे सुकै लेखिएता पनि प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रममा साधारण समूह तर्फको वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको ५०% ले हुन आउने कोटामा मात्र १५% पुरुष उम्मेद्वारहरूबीच प्रतिस्पर्धा गराई योग्यताक्रमानुसार छनोट गरिनेछ ।

**२.२ जेहेन्दार छात्रवृत्ति (पूर्ण शुल्कीय कोटाहरू मध्येबाट)**

शिक्षालयमा सञ्चालित प्रत्येक कार्यक्रममा प्रशिक्षार्थी भर्नाका लागि छनोट भएका उम्मेद्वारहरू मध्ये पूर्ण शुल्कीय कोटाहरू मध्येबाट प्रथम पटक प्रकाशित योग्यताक्रम सूचीको प्रथम एकजना उम्मेदवारलाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ ।

क) जेहेन्दार छात्रवृत्तिका लागि प्रत्येक शिक्षालयको प्रत्येक कार्यक्रममा पूर्ण शुल्कीय तर्फ आवेदन फाराम भर्ने उम्मेदवारहरू बीच मात्र प्रतिस्पर्धा हुनेछ ।

ख) छात्रवृत्तिमा छनोट भई सिफारिश भएका उम्मेदवारहरू कुनै कारणवश भर्ना हुन नगएमा वा भर्ना भई रजिष्ट्रेशन गर्ने समय अगावै अध्ययन गर्न छाडेमा प्रथम पटक प्रकाशित योग्यताक्रम सूची अनुसारका उच्चतम अङ्क प्राप्त भएको उम्मेद्वारलाई पहिलो सेमेष्टर/वर्षको छात्रवृत्ति प्रदान गर्नुपर्नेछ। रजिष्ट्रेशन कायम भै सकेपछि कुनै कारणबश छात्रबृत्ती कोटा खाली रहन गएतापनि अर्को प्रशिक्षार्थीलाई छात्रबृत्ती प्रदान गरिने छैन ।

ग) यसरी प्रदान गरिने छात्रवृत्ति पहिलो वर्ष वा सेमेष्टरका लागि मात्र लागू हुनेछ। दोस्रो वर्ष वा सेमेष्टरका लागि अघिल्लो वर्ष वा सेमेष्टरको सबै विषय उत्तीर्ण भै उच्चतम अंक प्राप्त गर्ने प्रशिक्षार्थीलाई क्रमशः यो छात्रवृत्ति प्रदान गरीनेछ।यसरी छात्रवृत्ति पाउने प्रशिक्षार्थीसँग शिक्षालयले खाने बस्ने बाहेक अन्य शुल्क लिन पाउने छैन।

घ) माथी बुँदा "ग" बमोजिम बार्षिक वा सेमेष्टर परीक्षामा प्राप्ताङ्क बराबर भएको अवस्थामा अघिल्लो शैक्षिक लब्धांक पत्रको प्राप्ताङ्कको प्रतिशतलाई आधारमानी छात्रवृत्ति प्रदान गर्नुपर्नेछ ।

ङ) यस छात्रवृत्तिमा सिफारिस भएको प्रशिक्षार्थी यसै निर्देशिका बमोजिम सोही शिक्षण संस्थामा वर्गिकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिस भएको पाइएमा निजलाई वर्गिकृत (निःशुल्क) छात्रवृत्तिमा नै कायम गरी तत्पश्चातको उच्चतम अङ्क प्राप्त गर्ने प्रशिक्षार्थीलाई सम्बन्धित शिक्षण संस्थाले जेहेन्दार छात्रवृत्ति उपलब्ध गराई सो को जानकारी सम्बन्धित परिषद् प्रदेश कार्यालयलाई गराउनु पर्नेछ ।

**२.३ प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम**

प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत अध्ययनका लागि सामुदायिक र संस्थागत विद्यालय/शिक्षालयबाट अध्ययन गरि न्यूनतम शैक्षिक तथा अन्य योग्यता पुगेका नेपाली नागरिकहरूले आवेदन दिन सक्नेछन।

क) **दलित, मुस्लिम, विपन्न तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूका लागि प्राविधिक शिक्षामा विशेष छात्रवृत्तिः**

(अ) नेपाल सरकारबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम परिषद्ले दलित, मुस्लिम, विपन्न र सीमान्तकृत समुदायका छात्रछात्राहरूलाई प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका विभिन्न कार्यक्रमहरूमा विशेष छात्रवृत्ति प्रदान गर्नेछ ।

(आ) स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम छात्रवृत्ति प्रदान गर्ने तह, कार्यक्रम, कोटा तथा शिक्षालय निर्धारण "प्राविधिक शिक्षामा आवासीय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९" बमोजिमको समितिले गर्नेछ । उक्त समितिले स्वीकृत गरे बमोजिमको कार्यक्रममा प्रशिक्षणका लागि प्रशिक्षार्थी छनोट तथा भर्ना प्रक्रिया परीक्षा नियन्त्रण कार्यालयबाट हुनेछ ।

ख) **प्राविधिक शिक्षालयको संस्थागत पहुँच नपुगेका स्थानीय तहमा स्थायी बसोबास गर्ने विद्यार्थीहरूका लागि विशेष छात्रवृत्तिः**

(अ) नेपाल सरकारबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम परिषद्ले प्राविधिक शिक्षालयको संस्थागत पहुँच नपुगेका पालिकामा स्थायी बसोबास गर्ने छात्रछात्राहरूलाई प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका विभिन्न कार्यक्रममा विशेष छात्रवृत्ति प्रदान गर्नेछ।

(आ) स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम छात्रवृत्ति प्रदान गर्ने तह, कार्यक्रम, कोटा तथा शिक्षालय निर्धारण "प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तह लक्षित प्राविधिक शिक्षामा आवासीय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९" बमोजिमको समितिले गर्नेछ । उक्त समितिले स्वीकृत गरे बमोजिमको कार्यक्रममा प्रशिक्षणका लागि प्रशिक्षार्थी छनोट तथा भर्ना प्रक्रिया परीक्षा नियन्त्रण कार्यालयबाट हुनेछ ।

## परिच्छेद - ४
## आवेदन फाराम सम्बन्धी व्यवस्था

**८. अनलाइन आवेदन फाराम सम्बन्धी व्यवस्था**

क) प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका सम्पूर्ण कार्यक्रमहरूमा भर्नाका लागि Online प्रणाली मार्फत आवेदन दिनुपर्ने छ । यसका लागि परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट www.ctevtexam.org.np मा भएको Online Form को Link मा गई आफूले अध्ययन गर्न चाहेको कार्यक्रम र कोटा छनोट गरी तोकिएको मिति र समय भित्र Online Application Form Submit गर्नुपर्नेछ। पूर्ण शुल्कीय कार्यक्रमहरूमा अनलाईन आवेदन फाराम भर्ने सम्बन्धी विस्तृत प्रक्रिया अनुसूची १ मा दिइएको छ ।

ख) आवेदन फाराम आवेदक स्वयंले प.नि.का.बाट तोकिएको मिति र समय भित्र Online Application Form भर्नुपर्नेछ । आवेदन फाराम भर्ने कार्यमा शिक्षालयहरूले सहजिकरण गर्न सक्नेछन्।

ग) Online Application Form मा आफूले अध्ययन गर्न चाहेको कार्यक्रम, प्रदेश, शिक्षालय, कोटा उल्लेख गर्नु पर्नेछ।

घ) वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा प्रतिस्पर्धा प्रदेशस्तरमा हुनेछ। वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा अध्ययनका लागि आवेदन फाराम भर्दा प्रदेश भित्रका शिक्षालयहरूको मात्र प्राथमिकीकरण गर्नु पर्नेछ र सोही बमोजिम प्रदेश भित्रका शिक्षालयहरूमा मात्र भर्नाका

लागि सिफारिस गरिनेछ । वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी निर्देशन अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछ।

ङ) प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रमका हकमा शिक्षण संस्था र कार्यक्रम सूचनामा तोकिए बमोजिम हुनेछ ।

च) Online Application Form को साथमा हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को फोटो र तोकिए बमोजिमका कागजातहरू अनिवार्य रूपमा अपलोड गरी प.नि.का.ले उपलब्ध गराएको विद्युतीय भुक्तानी Platform मार्फत तोकिएको आवेदन शुल्क जम्मा गर्नु पर्नेछ।

छ) Online Application Form submit नभएका आवेदकहरूलाई छनोट तथा योग्यताक्रममा समावेश गराईने छैन साथै तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता, शुल्क, फोटो र कागजातहरू समावेश नभएका अनलाईन आवेदन फारामहरू स्वत: रद्ध हुनेछ ।

ज) आवेदन फाराम आवेदक स्वयंले Online माध्यमबाट प्रक्रिया पूरागरी भर्नुपर्नेछ । Online Approve भएपछि आवेदन फाराम वापत जम्मा गरेको रकमको रसिद उम्मेद्वार स्वयंले Online बाट प्रिन्ट गर्न सक्नेछ ।

झ) छनोट भएका उम्मेद्वारहरूले भर्ना प्रक्रिया तथा रजिष्ट्रेशनको समयमा Application Acceptance Card प्रिन्ट गर्न सक्नेछन् र सो कार्ड सुरक्षित राख्नु पर्नेछ ।

ञ) यस निर्देशिका बमोजिम डिप्लोमा इन बायोमेडिकल इक्विपमेन्ट इन्जिनियरिङ कार्यक्रमको पूर्ण शुल्कीयको प्रशिक्षार्थी छनोट छुट्टै सूचना जारी गरी सञ्चालन गरिनेछ ।

**९. आवेदन फारामका किसिमहरू**

परिषद् अन्तरगत सञ्चालित सबै तहका कार्यक्रम र कोटामा भर्नाका लागि अनलाइनमा निम्नानुसारका आवेदन फारामहरू उपलब्ध हुनेछन् ।

**(१) डिप्लोमा तथा प्रमाणपत्र तहका कार्यक्रम**

क) पूर्ण शुल्कीय (खुल्ला कोटा) आवेदन फाराम
ख) पूर्ण शुल्कीय (लक्षित वर्ग कोटा) आवेदन फाराम
ग) पूर्ण शुल्कीय (प्रि-डिप्लोमा कोटा) आवेदन फाराम
घ) वर्गीकृत (निःशुल्क) छात्रवृत्ति (साधारण र लक्षित वर्ग समूह) आवेदन फाराम
ङ) प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति आवेदन फाराम (दलित, मुस्लिम, विपन्न तथा सीमान्तकृत समुदाय)
च) प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति आवेदन फाराम(प्राविधिक शिक्षालयको संस्थागत पहुँच नपुगेका स्थानीय तहमा स्थायी बसोबास गर्ने विद्यार्थीहरूका लागि)

**(२) प्रि-डिप्लोमा तहका कार्यक्रम**

क) पूर्ण शुल्कीय (खुल्ला कोटा) आवेदन फाराम
ख) पूर्ण शुल्कीय (लक्षित वर्ग कोटा) आवेदन फाराम,
ग) वर्गीकृत (निःशुल्क) छात्रवृत्ति (साधारण र लक्षित वर्ग समूह) आवेदन फाराम
घ) प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति आवेदन फाराम(दलित, मुस्लिम, विपन्न तथा सीमान्तकृत समुदाय)
ङ) प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति आवेदन फाराम(प्राविधिक शिक्षालयको संस्थागत पहुँच नपुगेका स्थानीय तहमा स्थायी बसोबास गर्ने विद्यार्थीहरूका लागि)
च) औद्योगिक प्रशिक्षण (अप्रेन्टिसिप) आवेदन फाराम

### १०. पूर्ण शुल्कीय कोटाको अनलाइन आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू

आवेदन फाराम भर्दा उम्मेद्वारले पूर्ण शुल्कीय (खुल्ला, लक्षित र प्रि-डिप्लोमा) कोटामा तोकिए बमोजिमका कागजातहरूको सक्कलबाट स्क्यान गरी अनलाइन अपलोड गर्नु पर्नेछ । तोकिए बमोजिमका कागजातहरु अनलाइन अपलोड नगरेमा आवेदन फाराम स्वतः रद्द हुनेछ । स्क्यान गरी पेश गरेका कागजातहरूको सक्कल प्रति शिक्षालयमा भर्नाको समयमा पेश गर्नु पर्नेछ।

**(१) पूर्ण शुल्कीय खुल्ला कोटा**

क) नेपाली नागरिकता (नाबालकको हकमा जन्म दर्ता) प्रमाणपत्र ।

ख) न्यूनतम शैक्षिक योग्यता वा सो सरहको शैक्षिक प्रमाणपत्र ।

ग) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणपत्र ।

घ) विदेशी नागरिकको हकमा सम्बन्धित देशको नागरिक खुल्ने कागजात वा नेपाल स्थित सम्बन्धित देशको राजदुतावासबाट जारी गरिएको कागजात ।

ङ) नेपालमा बसोबास गर्दै आएका शरणार्थी छात्रछात्राको हकमा नेपाल सरकार वा तोकिएका निकायहरूबाट प्रदान गरिएको शरणार्थी पत्र ।

**(२) पूर्ण शुल्कीय लक्षित वर्ग कोटा**

माथि १०.१ मा उल्लेख भएका कागजातका अतिरिक्त आवेदकले आफू पर्ने लक्षित वर्ग खुल्ने कागजात ।

**(३) पूर्ण शुल्कीय प्रि-डिप्लोमा कोटा**

यस कोटा अन्तर्गत डिप्लोमा तथा प्रमाणपत्र तहमा अध्ययन गर्न चाहने आवेदकले दफा ७ (१) (ख) (आ) मा उल्लेख भएको तालिका बमोजिमका कार्यक्रममा अध्ययनका लागि दफा १०.१ मा उल्लेख भएका कागजातका अतिरिक्त प्रि-डिप्लोमा/प्राविधिक एस.एल.सी. तह पूरा गरेको शैक्षिक योग्यताको प्रमाणपत्र ।

### ११. वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटाको अनलाइन आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू

आवेदन फाराम भर्दा तोकिए बमोजिमका कागजातहरूको सक्कलबाट स्क्यान गरि अनलाइन अपलोड गर्नु पर्नेछ । तपसिलमा तोकिए बमोजिमका कागजातहरु अनलाइन अपलोड नगरेमा आवेदन फाराम स्वतः रद्द हुनेछ । स्क्यान गरी पेश गरेका कागजातहरूको सक्कल प्रति शिक्षालयमा भर्नाको समयमा पेश गर्नु पर्नेछ ।

**तपसिल :**

क) नेपाली नागरिकता (नाबालकको हकमा जन्म दर्ता) प्रमाणपत्र ।

ख) न्यूनतम शैक्षिक योग्यता वा सो सरहको शैक्षिक प्रमाणपत्र,

ग) सरकारी वा सामुदायिक विद्यालयको हकमा सम्बन्धित पालिकाले विद्यालयको किसिम प्रमाणित गरेको पत्र, परिषद्का आङ्गिक शिक्षालय र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन भएको विद्यालय (TECS) को हकमा सम्बन्धित शिक्षालयले प्रमाणित गरेको पत्र,

घ) दलितको हकमा सूचीकृत भएकोमा अनुसूची ३ अनुसार र सूचीकृत नभएका फरक थरका दलितको हकमा सम्बन्धित पालिकाको पत्र,

ङ) मधेशी/मुस्लिमको हकमा सम्बन्धित पालिका/जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको पत्र,

च) आदिवासी जनजातिको हकमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बमोजिम सूचीकृत भएको अनुसूची ४ अनुसारका जातिहरूले सम्बन्धित पालिकाको पत्र र सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित पालिकाको कार्यालयबाट जनजाति प्रमाणित गरिएको आदिवासी जनजाति पत्र,

छ) खस आर्यको हकमा सम्बन्धित पालिका कार्यालयले प्रमाणित गरेको पत्र,

ज) थारुको हकमा सम्बन्धित पालिका कार्यालयले प्रमाणित गरेको पत्र,

झ) पिछडिएको दुर्गम क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लाबाट नै न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको शैक्षिक योग्यता र स्थायी बसोबास गरेको सम्बन्धित पालिका कार्यालयले जारी गरेको पत्र,

ञ) बेपत्ता पारिएका व्यक्ति, शहीद परिवार, घाइते र निजको परिवार जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत मुलुक भित्र भएका सबै आन्दोलनको क्रममा वेपत्ता पारिएका व्यक्ति तथा शहीद परिवार/जन-आन्दोलनका घाइते परिवार/द्वन्द्व पीडित/विस्थापित हो भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको पत्र र नाता प्रमाणीत पत्र,

ट) अपाङ्गको हकमा नेपाल सरकारको सम्बन्धित कार्यालयले जारी गरेको अपाङ्ग परिचयपत्र,

ठ) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को १ प्रति फोटो,

**१२. प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रमका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता**

डिप्लोमा/प्रमाणपत्र तह र प्रिडिप्लोमा तहमा अध्ययनका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता क्रमशः दफा ३ (१) र ३ (२) मा उल्लेख भए वमोजिम हुनेछ ।

**(१) प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रममा आवेदन फारामका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू**

आवेदन फाराम भर्दा तोकिए बमोजिमका कागजातहरूको सक्कलबाट स्क्यान गरि अनलाइन अपलोड गर्नु पर्नेछ । निम्नानुसार तोकिए बमोजिमका कागजातहरु अनलाइन अपलोड नगरेमा आवेदन फाराम स्वतः रद्द हुनेछ। साथै परिषद् अन्तर्गत यस अघि विशेष तथा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कार्यक्रममा रजिष्ट्रेसन कायम भई अध्ययनरत प्रशिक्षार्थीहरूले यस बमोजिमको छात्रवृत्तिमा आवेदन फाराम भर्न पाउने छैनन् । त्यस्ता प्रशिक्षार्थीले आवेदन गरेको पाइएमा आवेदन फाराम समेत स्वतः रद्द हुनेछ । स्क्यान गरी पेश गरेका कागजातहरूको सक्कल प्रति शिक्षालयमा भर्नाको समयमा पेश गर्नु पर्नेछ ।

### (क) दलित, मुस्लिम, विपन्न तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूका लागि प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति

(अ) तोकिएको न्यूनतम शैक्षिक योग्यताका लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र ।

(आ) समकक्षता प्रमाणपत्रको प्रतिलिपि (नेपाल सरकारको एस.इ.ई. बोर्ड बाहेकका अन्य बोर्डबाट उत्तीर्णहरूका हकमा आवश्यक पर्ने)।

(इ) नागरिकताको प्रमाणपत्र वा नेपाली नागरिक हो भनी प्रमाणित हुने नाबालक वा जन्मदर्ताको प्रमाणपत्र ।

(ई) दलितको हकमा राष्ट्रिय दलित आयोग/सम्बन्धित जिल्ला प्रशासन कार्यालय/पालिका कार्यालयबाट प्रमाणित गरिएको प्रमाणपत्र वा दलित परिचयपत्र ।

(उ) मुस्लिमको हकमा सम्बन्धित पालिका/जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको पत्र ।

(ऊ) विपन्न तथा सीमान्तकृत समुदायको हकमा नेपाल सरकारबाट सूचीकृत सुविधा वञ्चित २२ वटा आदिवासी जनजाति समूहहरू (बनकरिया, बराम, बोटे, चेपाङ्ग, दनुवार, धानुक, हायू, झागड, किसान, कुसुन्डा, लेप्चा, माझी, मेचे, कुसवाडिया, राजी, राउटे, सतार, सिंसा (ल्होमी), सियार, सुरेल, थामी र थुनम) र हलिया र कमैया समेतको सम्बन्धित पालिकाको पत्र ।

(ऋ) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को फोटो ।

### (ख) प्राविधिक शिक्षालयको संस्थागत पहुँच नपुगेका स्थानीय तहमा स्थायी बसोबास गर्ने विद्यार्थीहरूका लागि विशेष छात्रवृत्ति

(अ) तोकिएको न्यूनतम शैक्षिक योग्यताका लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र ।

(आ) समकक्षता प्रमाणपत्रको प्रतिलिपी (नेपाल सरकारको एस.ई.ई. बोर्ड बाहेकका अन्य बोर्डबाट उत्तीर्णहरूका हकमा आवश्यक पर्ने) ।

(इ) नागरिकताको प्रमाणपत्र वा नेपाली नागरिक हो भनी प्रमाणित हुने नाबालक वा जन्मदर्ताको प्रमाणपत्र ।

(ई) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को फोटो ।

(उ) बसाइँसराइँको हकमा सूचना प्रकाशन भएको मितिभन्दा कम्तीमा एक वर्ष अगाडिदेखि बसाइँसराइँ गरी स्थायी बसोबास  गरिरहेको स्थानीय तहको पत्र ।

(ऊ) पहुँच नपुगेका स्थानीय तहको सूची अनुसूची ५ मा उल्लेख भए बमोजिम हुनेछ ।

**१३. औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) कार्यक्रम आवेदन फाराम**

आवेदन फाराम भर्दा तोकिए बमोजिमका कागजातहरूको सक्कलबाट स्क्यान गरि अनलाइन अपलोड गर्नु पर्नेछ । निम्नानुसार तोकिए बमोजिमका कागजातहरु अनलाइन अपलोड नगरेमा आवेदन फाराम स्वतः रद्द हुनेछ । स्क्यान गरी पेश गरेका कागजातहरूको सक्कल प्रति शिक्षालयमा भर्नाको समयमा पेश गर्नु पर्नेछ ।

क) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को फोटो ।

ख) प्रि-डिप्लोमा तहका कार्यक्रमको हकमा एस्.एल.सी. वा एस. ई.ई. मा सहभागिता भएको प्रमाणपत्र र डिप्लोमा तथा प्रमाणपत्र तहका कार्यक्रमको लागि एस्.एल.सी. उत्तीर्ण वा एस्.ई.ई. मा न्यूनतम १.६ जी.पी.ए. प्राप्त गरेको शैक्षिक प्रमापत्र ।

ग) दलित, जनजाति, अपाङ्ग, मुस्लिम, मधेशी, दुर्गम क्षेत्र तथा विपन्नको हकमा सम्बन्धित स्थानीय तह वा सम्बन्धित निकायको सिफारिस पत्र।

घ) नेपाल बाहेक अन्य मुलुकबाट एस्.एल.सी. ⁄ एस्.ई.ई. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपि ।

ङ) लिखित तथा अन्तर्वार्तामा जुन कार्यक्रमको लागि सम्मिलित भएको हो सोही कार्यक्रममा मात्र योग्यताक्रमानुसार भर्ना हुन सक्नेछ । अन्य कार्यक्रममा भर्ना हुन पाउने छैन ।

च) औद्योगिक प्रशिक्षार्थी तालीममा प्रशिक्षार्थी छनोट तथा भर्ना सम्बन्धी मापदण्डका सम्बन्धमा औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) प्रशिक्षार्थी छनौट, भर्ना र मूल्याङ्कन निर्देशिकामा तोकिए अनुसार हुनेछ । साथै प्रशिक्षार्थी भर्नाका लागि अन्य विस्तृत विवरण र जानकारी सूचनामा उल्लेख भए वमोजिम हुनेछ ।

**१४. अनलाइन आवेदन फाराम भर्दा ध्यान दिनु पर्ने कुराहरू**

क)अनलाइन आवेदन फाराम भर्ने आवेदकले अध्ययन गर्न चाहेको कार्यक्रम, कोटा, शिक्षालय लगायत उक्त कार्यक्रम अध्ययन गर्न आफू योग्य भए नभएको यकिन गरेर मात्र आवेदन फाराम भर्नु पर्दछ । फाराम भर्नका लागि आवश्यक सम्पूर्ण जानकारी यसै निर्देशिकामा समावेश गरिएको छ । थप जानकारी आवश्यक भएमा प.नि.का., सम्वन्धित प्रदेश कार्यालय वा शिक्षालयमा सम्पर्क राख्न सकिनेछ । प्रदेश कार्यालयहरूको सम्पर्क इमेल अनुसूची ६ मा दिइएको छ ।

ख) अनलाइन आवेदन फारामसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूको सक्कल प्रतिबाट Scan गरी अपलोड गर्नु पर्नेछ । अपलोड गरिएको Scanned कागजात स्पष्ट बुझिने हुनु पर्नेछ । आफ्नो फाराम स्वीकृत भए नभएको जानकारी आफूले फाराम भर्दा प्रयोग गरेको परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट www.ctevtexam.org.np मा Online Application Form मा रजिष्टर गरिएको Username र Password राखी हेर्न सकिनेछ।

ग)आवेदन फारामका साथ नक्कली कागजात पेश गरेको पाइएमा त्यस्ता आवेदकलाई प्रचलित कानून बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ । निजहरूलाई परिषद्बाट संचालन हुने कुनै पनि किसिमको भर्नामा पाँच वर्षसम्म समावेश गराइने छैन ।

## परिच्छेद - ५

## योग्यताक्रम निर्धारण सम्बन्धी व्यवस्था

**१५. वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको योग्यताक्रम निर्धारण तथा सिफारिस**

क) साधारण समूहको योग्यताक्रम प्रकाशन गर्दा साधारण समूह वा लक्षित वर्ग समूहमा Online Application फाराम भरी स्वीकृत भएका आवेदकहरु बीच इच्छाइएको कार्यक्रम अनुसार प्रदेश स्तरमा प्रतिस्पर्धा गराइनेछ।

ख) लक्षित वर्गका आवेदकहरू साधारण समूहमा स्वतः आवेदक हुनेछन्। योग्यताक्रम सूची अनुसार क्रमशः उम्मेद्वारहरुलाई निजले निवेदनमा प्राथमिकीकरण गरेको शिक्षालयमा छात्रवृत्तिका लागि सिफारिस गरिनेछ । यदि रोजेको शिक्षालयमा कोटा पुरा हुन गएमा निजको योग्यताक्रम सूचीको आधारमा क्रमशः प्राथमिकीकरण गरेका अन्य शिक्षालयमा सिफारिस गरिनेछ ।

ग) वर्गीकृत (निःशुल्क) छात्रवृत्ति लक्षित वर्ग समूहको छनोट तथा सिफारिसको प्रक्रिया देहाय बमोजिम हुनेछ ।

अ) लक्षित वर्ग समूहको नतिजा प्रकाशन गर्दा एक वा सो भन्दा बढि लक्षित वर्गमा आवेदन फाराम भर्ने आबेदकहरु बीच दफा ७.२.१ क (आ) को क्र.सं. १ देखि १० सम्म क्रमानुसारका लक्षित वर्गलाई कार्यक्रम अनुसार प्रत्येक वर्गमा प्रतिस्पर्धा गराई योग्यताक्रम अनुसार क्रमशः माथिल्लो योग्यताक्रम सूचीमा रहेका उम्मेद्वारहरुलाई शिक्षालयहरुमा छात्रवृत्तिका लागि सिफारीस गरिनेछ ।

आ) यसरी प्रतिस्पर्धा गराउँदा कुनै लक्षित वर्गको कोटा रिक्त रहन आएमा दफा ७.२.१ क (आ) को अन्य लक्षित वर्ग समूहका उम्मेद्वारहरु मध्येबाट योग्यताक्रमानुसार सिफारिस गरी नामावली प्रकाशित गरिनेछ ।

इ) सम्बन्धित कार्यक्रमको सम्बन्धित वर्गमा योग्यताक्रम सूचीमा उम्मेद्वारहरु नभएको अवस्थामा प.नि.का. र सम्बन्धित प्रदेश कार्यालयको वेवसाइटमा न्यूनतम ५ दिनको निवेदन दिने म्याद सहितको सूचना प्रकाशित गरी अन्य कार्यक्रमको योग्यताक्रम सूचीमा रहेका र न्यूनतम शैक्षिक योग्यता पुगेका उम्मेद्वारहरु मध्येबाट रिक्त कार्यक्रममा अध्ययनका लागि परिषद्का प्रदेश कार्यालयहरुमा निवेदन दर्ता गराएका उम्मेद्वार मध्येबाट योग्यताक्रमानुसार छनोट गरी भर्नाका लागि सिफारिश गरिनेछ । तर प्रमाणपत्र तहको नर्सिङ र मिडवाइफरी कार्यक्रममा अन्य कार्यक्रमहरूको योग्यताक्रम सूचीबाट निवेदन दिन पाइने छैन।

ई) रिक्त सिटहरुको विवरण परिषद्को प्रदेश कार्यालयमा प्राप्त भए पछि जुन शैक्षिक कार्यक्रम र लक्षित वर्गको कोटा रिक्त भएको हो सोही लक्षित वर्ग र शैक्षिक कार्यक्रमका योग्यताक्रम सूचीमा रहेका उम्मेद्वारहरुले प्राथमिकीकरण गरेको शिक्षालयमा योग्यताक्रमानुसार दोश्रो पटक वा सो भन्दा पछि भर्नाका लागि ७ दिनको म्याद दिई प्रदेश कार्यालयले सिफारिस गर्नेछ ।

उ) रिक्त हुने सिटमा योग्यताक्रम सूचीमा रहेका उम्मेद्वारहरुबाट सिफारिस गर्न प्रदेशमा दफा १७ (१) अनुसार प्रशिक्षार्थी छनोट उप-समिति गठन गरिने छ ।

ऊ) बर्गीकृत (निःशुल्क) छात्रबृत्ति तर्फ रिक्त हुने कोटामा प्रदेश कार्यालयले भर्नाका लागि छनोट तथा सिफारिस सम्वन्धी कार्य शिक्षालयलाई प्रत्यायोजन गर्न पाइने छैन ।

ऋ) दफा १७ (२) (क) बमोजिम गठित सिफारिश कार्यटोलीले शैक्षिक शत्रको सम्पुर्ण भर्ना सिफारिशको प्रकृया समाप्त भई प्रतिवेदन पेश गरे पश्चात परीक्षा सम्वन्धी बिनियमावली, २०७१ को बिनियम ४८ (३) अनुसची २ को ९(२) (ङ) बमोजिम खाना/खाजा बापतको एकमुष्ट रकम भुक्तानी गरिनेछ । कार्यटोलीमा परिषद् प्रदेश प्रमुखले तोकेका सवारी चालक १ र कार्यालय सहयोगी १ जना समेतले कार्यटोलीका सदस्यहरुले पाए सरह खाना/खाजा खर्च मात्र पाउनेछन् ।

घ) बर्गीकृत छात्रबृत्तिको नतिजा प्रकाशन एवं भर्नाको सिफारिस सम्बन्धी सूचना गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा संक्षिप्त र यसको बिस्तृत विवरण परिषद् र प.नि.का.को वेवसाइट क्रमश www.ctevtexam.org.np र सम्बन्धित प्रदेश कार्यालयको वेवसाइटमा प्रकाशित गरिनेछ ।

वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको नतिजा प्रकाशनको सूचनाको ढांचा अनुसूची ७ मा उल्लेख भए बमोजिम हुनेछ।

ङ) प्रकाशित योग्यताक्रम सूचीमा चित्त नबुझेमा उम्मेद्वारले सम्बन्धित प्रदेश कार्यालयमा स्वयं उपस्थित भई निवेदन दिन सक्नेछ।

**१६. पूर्ण शुल्कीय तर्फको योग्यताक्रम सूची प्रकाशन तथा सिफारिस**

क) साधारण समूहको नतिजा प्रकाशन गर्दा साधारण समूह वा लक्षित वर्ग समूहमा इलष्लिभ Application फाराम भरी स्वीकृत भएका आवेदकहरू बीच इच्छाइएको कार्यक्रम अनुसार शिक्षालय स्तरमा प्रतिस्पर्धा गराईनेछ ।

ख) लक्षित वर्गका आवेदकहरु साधारण समूहमा स्वतः आवेदक हुनेछन् ।

ग) पुर्ण शुल्किय लक्षित वर्ग समूहको छनोट तथा सिफारिसको प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(अ) लक्षित वर्ग समूहको नतिजा प्रकाशन गर्दा एक वा सो भन्दा बढि लक्षित वर्गमा आवेदन फाराम भर्ने आवेदकहरु बिच कार्यक्रम अनुसार सोही लक्षित वर्गमा प्रतिस्पर्धा गराई योग्यताक्रम अनुसार क्रमशः माथिल्लो योग्यताक्रम सूचीमा रहेका उम्मेद्वारहरुलाई शिक्षालयमा सिफारिस गरिनेछ ।

(आ) यसरी प्रतिस्पर्धा गराउँदा कुनै लक्षित वर्गको कोटा रिक्त रहन आएमा अन्य लक्षित वर्ग समूहका उम्मेद्वारहरु मध्येबाट योग्यताक्रमानुसार सिफारिस गरिनेछ । अन्य लक्षित वर्ग समूहका उम्मेद्वारहरु पनि नभएमा साधारण समूहका उम्मेद्वारहरु मध्येबाट योग्यताक्रमानुसार सिफारिस गरिनेछ।

(इ) शिक्षालयमा सञ्चालित कुनै कार्यक्रममा तोकिएको कोटा संख्यामा उम्मेद्वारहरु नभएमा सार्वजनिक सूचना प्रकाशन गरी अन्य कार्यक्रमको योग्यताक्रम सूचीमा रहेका तथा न्यूनतम शैक्षिक योग्यता पुगेका उम्मेद्वारहरूबाट कार्यक्रमको रिक्त कोटामा अध्ययनका लागि निवेदन माग गरी योग्यताक्रमानुसार भर्नाका लागि सिफारिस गरिनेछ । तर प्रमाणपत्र तहको नर्सिङ्ग र मिडवाइफरी कार्यक्रममा अन्य कार्यक्रमको योग्यताक्रम सूचीबाट निवेदन दिन पाइनेछैन ।

घ) पुर्ण शुल्कियको योग्यताक्रम सूची प्रकाशन एवं भर्नाको सिफारिस सम्बन्धी संक्षिप्त सूचना गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा र यसको बिस्तृत विवरण www.ctevtexam.org.np र सम्बन्धित प्रदेश कार्यालयको वेवसाइटमा प्रकाशन गरिनेछ । योग्यताक्रम सूची प्रकाशन सम्बन्धी सूचनाको ढाँचा अनुसूची ८ मा उल्लेख भए बमोजिम हुनेछ ।

ङ) प्रकाशित योग्यताक्रम सूचीमा चित्त नबुझेमा उम्मेद्वारले सम्बन्धित प्रदेश कार्यालयमा स्वयं उपस्थित भई निवेदन दिन सक्नेछ।

**१७. प्रशिक्षार्थी छनोट गरी भर्नाका लागि सिफारिस उप-समिति**

(१) प्रिडिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहको बर्गीकृत (निःशुल्क) छात्रबृत्ति र पूर्ण शुल्कीय तर्फका कार्यक्रमहरुमा प्रशिक्षार्थी भर्नाका लागि सिफारिस गर्न प्रदेश कार्यालयमा देहाय बमोजिमको उप-समिति रहनेछ ।

क) सम्वन्धित प्रदेश निर्देशक - संयोजक

ख) सम्वन्धित प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले तोकेको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि - सदस्य

ग) सम्बन्धित प्रदेश निर्देशकले तोकेको अधिकृत स्तरको कर्मचारी १ जना - सदस्य सचिव

**(२) उप-समितिको काम कर्तव्य र अधिकार**

(क) अनलाइन आवेदन फारामहरू रुजु गरी योग्यताक्रम सूची तयार गर्न उप-समितिले अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमा सूचना प्रविधि हेर्ने कर्मचारी सहित बढीमा ७ जनाको कार्यटोली गठन गर्नेछ ।

(ख) परीक्षा नियन्त्रण कार्यालयबाट अनलाइन आवेदन फाराम खुलेको मितिबाटै आवेदन फाराम रुजु लगायतका कार्य गर्ने गरी कार्य टोली गठन गर्नु पर्नेछ।

(ग) वर्गीकृत (निःशुल्क) छात्रवृत्ति र पूर्ण शुल्कीय तर्फ प्रमाणपत्र तह नर्सिङ, मिडवाइफरी, सामान्य चिकित्सा र फार्मेसी कार्यक्रमका आवेदकहरूको न्युनतम शैक्षिक योग्यता तथा अन्य कागजात रुजु गर्ने जिम्मेवारी कार्यटोलीलाई तोक्नेछ।

(घ) पूर्ण शुल्कीय तर्फका (ग) मा उल्लेख भए बाहेकका कार्यक्रमहरुमा आवेदकहरूको न्यूनतम शैक्षिक योग्यता तथा अन्य कागजात रुजु गर्ने जिम्मेवारी सम्बन्धित शिक्षालयको हुनेछ र योग्यताक्रम प्रकाशन सम्वन्धित परिषद्, प्रदेश कार्यालयबाट हुनेछ ।

(ङ) कार्यटोलीको आचार संहिता तयार गरी लागू गर्नेछ।

(च) कार्यटोलीले गरेको कामको नियमित अनुगमन तथा सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(छ) कार्यटोलीले कार्यक्रम र कोटागत रूपमा अनुसूची ९ अनुसार तोकिएको ढाँचामा तयार गरी पेश गरेको योग्यताक्रम सूची यकिन गरी प्रमाणपत्र तह नर्सिङ, मिडवाइफरी, सामान्य चिकित्सा र फार्मेसी कार्यक्रमहरूमा भर्नाका लागि सिफारिस सहित नतिजा प्रकाशन गर्नेछ । साथै बर्गीकृत (निःशुल्क) छात्रवृत्तिको योग्यताक्रम तथा नतिजा प्रकाशन गर्नुपर्नेछ ।

(ज) सरोकारवालाहरूबाट प्रशिक्षार्थी भर्नाका लागि छनोट तथा सिफारिस सम्बन्धमा कुनै जानकारी, दावी, विरोध, उजुरी वा नेपाल सरकारका न्यायिक वा अर्धन्यायिक निकायहरूबाट सोधपुछ वा छानविनका लागि लेखी आएमा छानविन गरी अन्तिम टुङ्गो लगाई सम्बन्धित निकायमा जवाफ पठाउने छ ।

(झ) भर्ना प्रकृयामा सामेल भएका आवेदकले सम्बन्धित परिषद् प्रदेश कार्यालयमा Application Acceptance Card सहित निवेदन दिएमा योग्यताक्रम उल्लेख भएको पत्र उपलब्ध गराउनु पर्नेछ।

(ञ) भर्ना सिफारिस गर्ने कार्य सम्पन्न गरी प्रतिवेदन बुझाए पश्चात उप-समिति तथा कार्यटोलीका संयोजक/सदस्यहरूले परीक्षा सम्बन्धी विनियमावली २०७१ को विनियम ४८.१ बमोजिमको पारिश्रमिक पाउनेछन्।

**(३) कार्यटोलीको काम, कर्तव्य र अधिकार**

क) अनलाइन आवेदन दिने अन्तिम मितिको ५ दिन भित्र कार्य टोलीले आवेदनका साथ पेश हुन आएका कागजातहरू रुजू गरि सक्नु पर्नेछ। आवेदन रुजु छिटो छरितो रूपमा सम्पन्न गर्नका लागि आवेदन खुलेको समयदेखि नै कार्य प्रारम्भ गर्नु पर्नेछ। कार्य टोलीले कार्यालय समयका अतिरिक्त बिहान बेलुकी र सार्वजनिक विदाका दिनमा समेत काम गर्नु पर्नेछ।

ख) आवेदन दिएको कार्यक्रमका कोटाका लागि आवश्यक न्यूनतम योग्यता र कागजात पूरा भएको खण्डमा स्वीकृत (accept) गर्ने, केही कागजात नपुग भएको वा अस्पष्ट भएको खण्डमा आवेदकलाई उक्त कागजात पुनः अपलोड गर्न अनलाइन पोर्टलमा जानकारी पठाउने र तोकिएको योग्यता नपुगेको पाइएमा आवेदन रद्द गर्नु पर्नेछ ।

ग) केही कागजात नपुग भएको वा अस्पष्ट भएको खण्डमा आवेदकलाई कैफियत (Remarks) सहित नपुग कागजात वा अस्पष्ट भएका कागजात एक पटकका लागि पुनः अपलोड गर्न ३ दिनको समय दिनु पर्नेछ। यसरी आवेदकले पुनः अपलोड गरेका कागजातहरू रुजु गरी तोकिए बमोजिम पाइएमा स्वीकृत गर्ने र पुनः अस्पष्ट पाइएमा वा तोकिएको योग्यता नमिल्ने भएमा आवेदन फाराम अस्वीकृत गर्नु पर्नेछ ।

घ) रुजु गर्ने कार्य सम्पन्न भएको भोलि पल्ट निर्णय पुस्तिका, जम्मा आवेदन संख्या, स्वीकृत आवेदन संख्या (revert सहित) र अस्वीकृत संख्या (revert सहित) को प्रतिवेदन तयार गरी उप-समिति समक्ष पेश पर्नेछ।

## परिच्छेद - ६
## प्रशिक्षार्थी भर्ना सम्बन्धी व्यवस्था

**१८. प्रशिक्षार्थी भर्ना गर्दा शिक्षालयले अबलम्बन गर्नु पर्ने प्रकृया**

क) प्रत्येक शिक्षालयले परिषदबाट सञ्चालन स्वीकृति प्राप्त गरेका शैक्षिक कार्यक्रमहरूको नाम, स्वीकृत सिट संख्या, अध्ययन गर्दा लाग्ने शुल्क, छात्रवृत्तिको किसिम र सिट संख्या, सो वापत प्राप्त हुने सुविधा, पूर्ण शुल्कीय तथा छात्रवृत्तिमा अनलाइन फाराम भर्दा अपनाउनु पर्ने प्रक्रिया र पेश गर्नुपर्ने आवश्यक कागजातहरुको सूची कम्तीमा 8'x4' साइजको नागरिक बडापत्रमा उल्लेख गरी सेवाग्राहीले देख्ने गरी शिक्षालयको हाता भित्र राख्नु पर्नेछ ।

ख) प्रशिक्षार्थी छनोटको योग्यताक्रम सूचीमा रही भर्नाका लागि सिफारीस गरिएका उम्मेद्वारहरूलाई भर्ना गर्नु पूर्व सम्बन्धित पेशागत परिषद्‌हरूको प्रचलित कानूनले तोकेको मापदण्ड अनुसार भर्ना गर्ने जिम्मेवारी सम्बन्धित शिक्षालयको हुनेछ ।

ग) जेहेन्दार र वर्गीकृत (निःशुल्क) छात्रवृत्ति पाउने प्रशिक्षार्थीसँग शिक्षालयले खाने बस्ने बाहेक अन्य शुल्क लिन पाउने छैन।सो विपरीत रकम असुल गरेको पाइएमा परिषद्‌को ऐन, नियम तथा विनियम बमोजिम शिक्षालयलाई कारबाही हुनेछ ।

घ) शिक्षालयले भर्नाका लागि सिफारिस गरिएका पूर्ण शुल्कीय तर्फका प्रशिक्षार्थीहरुसँग परिषद्‌ले निर्धारण गरेको शुल्क मात्र लिनु पर्नेछ । तर विदेशी प्रशिक्षार्थीको हकमा शिक्षालयको संचालक समितिले निर्णय गरी तोके बमोजिम हुनेछ ।

ङ) भर्नाको लागि सिफारिस भएका उम्मेद्वारहरूको फोटो र सक्कल प्रमाणपत्रहरू रूजू गरी तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका प्रशिक्षार्थीहरुलाई मात्र भर्ना गर्ने जिम्मेवारी शिक्षालयका प्राचार्यको हुनेछ । प्रमाणपत्रहरू रूजु गर्दा कुनै विवरण फरक हुन गएमा वा झुटो विवरण पेश गरेको पाइएमा त्यस्ता उम्मेद्वारलाई शिक्षालयले भर्ना गराउने छैन। त्यस्ता उम्मेद्वारहरू भर्ना भएको पाईएमा सो को जवाफदेही शिक्षालयका प्राचार्य हुनेछ। यस्तो भर्ना गरेको पाइएमा जुनसुकै समयमा भर्ना तथा रजिष्ट्रेशन रद्द गरिने छ ।

च) शिक्षालयमा प्रशिक्षार्थीहरुको भर्ना संख्या जतिसुकै भएता पनि प्रत्येक कार्यक्रममा वर्गिकृत ( निःशुल्क) र जेहेन्दार छात्रवृत्ति अनिवार्य रुपमा प्रदान गर्नु पर्नेछ ।

छ) सिफारिस गरिएका उम्मेद्वारहरूको योग्यताक्रम सूची शिक्षालयले प.नि.का.को वेबसाइटबाट डाउनलोड गरी शिक्षालयको सूचनापाटीमा टाँस गर्नुपर्नेछ । भर्नाको लागि तोकिएको अन्तिम दिनको भोलिपल्ट कार्यक्रम तथा कोटा अनुसार भर्ना भएका प्रशिक्षार्थीहरूको विवरण समेत अनिवार्य रूपमा शिक्षालयको सूचना पाटीमा टाँस गरी सम्बन्धित प्रदेश कार्यालयमा जानकारी गराउनु पर्नेछ।

ज) भर्नाका लागि सिफारिस गरिएका मुख्य उम्मेद्वारहरू तोकिएको समयमा भर्ना नभई सिट रिक्त रहेको खण्डमा सार्वजनिक सूचना प्रकाशन गर्दा रिक्त रहेको वर्ग, कोटा र संख्या स्पष्ट उल्लेख गरी योग्यताक्रम सूचीमा रहेका उम्मेद्वारहरूको जानकारीका लागी अनुसूची १० को ढाँचामा सूचना प्रकाशित गर्नु पर्नेछ। सो को जानकारी परिषद्‌ प्रदेश कार्यालय र परीक्षा नियन्त्रण कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

झ) पूर्ण शुल्कीय तर्फ भर्ना भएको कुनै प्रशिक्षार्थी वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ सो शिक्षालय वा अन्य शिक्षालयमा सिफारिस भई भर्ना भएमा पूर्ण शुल्कीय तर्फ रिक्त हुने कोटामा सम्बन्धित शिक्षालयले निर्देशिकाको दफा १९ बमोजिमको प्रक्रिया पूरा गरी नयाँ प्रशिक्षार्थी भर्ना गर्न सक्नेछ । वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिस भएमा निजले भर्ना हुँदा बुझाएको रकम सम्वन्धित शिक्षालयले फिर्ता गर्नुपर्नेछ ।

ञ) शिक्षालयले भर्ना सम्वन्धी निर्देशिका बमोजिम मात्र सिफारिस भएका उम्मेद्वारहरू भर्ना गर्नुपर्नेछ । निर्देशिका विपरीत भर्ना गरेको पाइएमा त्यस्ता प्रशिक्षार्थीको रजिष्ट्रेशन खारेज भई उक्त शिक्षालयको आगामी शैक्षिक सत्रमा सो कार्यक्रमको स्वीकृत कोटा भित्र रहने गरी

वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सोही संख्याको दोब्बर संख्या बराबर सिट थप गरिनेछ। तर यसरी संख्या थप गर्दा स्वीकृत कोटा भन्दा बढी हुने छैन ।

ट) प्रशिक्षार्थी भर्ना तथा रजिष्ट्रेशनको समयावधि २०८२ मंसिर मसान्तसम्म कायम रहनेछ । सो पश्चात परिषद् प्रदेश कार्यालयले भर्ना सम्बन्धी सिफारिश र शिक्षालयले भर्ना सम्बन्धी अन्य कुनै पनि प्रक्रिया गर्न पाइने छैन।

ठ) शिक्षालयले प्रशिक्षार्थी भर्ना गर्ने बेलामा नै प्रशिक्षार्थीहरुको रजिष्ट्रेसनको आवेदन फाराम भराई Integrated Training Management System (ITMS) मा Online Entry गर्नुपर्नेछ ।

**१९. शिक्षालयहरुले पूर्ण शुल्कीय तर्फ प्रशिक्षार्थी भर्ना गर्दा अपनाउनु पर्ने प्रक्रिया**

क) भर्नाका लागि सिफारिस गरिएका मुख्य उम्मेद्वारहरूलाई भर्ना प्रकृया सुरू भएको मितिले १० दिन भित्र भर्ना गराई सक्नु पर्नेछ ।

ख) तोकिएको म्याद भित्र मुख्य उम्मेद्वार भर्ना हुन नआएमा उक्त शिक्षालयको सम्बन्धित कार्यक्रमको योग्यताक्रमको प्रतिक्षा सूचीमा रहेका उम्मेद्वारहरूलाई जानकारी हुने गरी सम्बन्धित शिक्षालयले कम्तिमा ५ दिनको म्याद दिई रिक्त रहेको वर्ग, कोटा, संख्या स्पष्ट उल्लेख गरी अनुसूची १० मा तोकिएको ढाँचामा सम्बन्धित शिक्षालयको वेबसाइट/सूचना पाटीमा टाँस गर्नु पर्नेछ। तर प्रमाणपत्र तहको नर्सिङ कार्यक्रमको हकमा यो सूचना सम्बन्धित शिक्षालयले गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा समेत अनिवार्यरूपमा प्रकाशन गर्नु पर्नेछ।

ग) उपरोक्त अनुसार दर्ता हुन आएका निवेदनहरू शिक्षालयको मूल दर्ता किताबमा दर्ता गरी सूचनामा तोकिएको अन्तिम मिति सम्म दर्ता हुन आएका निवेदकहरू मध्येबाट सम्बन्धित शिक्षालय र कार्यक्रमको योग्यताक्रम सुचीमा रहेका उम्मेद्वारहरूलाई पहिलो प्राथमिकता दिई योग्यताक्रमानुसार रिक्त सिटहरूमा भर्ना गर्नु पर्नेछ ।

घ) तोकिएको वर्गको योग्यताक्रम सूचीमा उम्मेद्वार भएसम्म सोही वर्गको सूचीका उम्मेद्वारहरूबाट योग्यताक्रमानुसार छनोट गरी भर्ना गर्नुपर्नेछ।

ङ) उल्लेखित प्रक्रिया अपनाउदा समेत कोटा रिक्त हुन आएमा सो को लिखित जानकारी सम्बन्धित परिषद्, प्रदेश कार्यालयलाई गराई रिक्त हुन आउने प्रत्येक शैक्षिक कार्यक्रमको सिटमा निम्न प्रक्रिया अपनाइ भर्ना गर्नु पर्नेछ ।

(अ) अन्य शिक्षालयहरूमा योग्ताक्रममा रही निवेदन पेश गरेका उम्मेद्वारहरूको भर्ना प्रक्रिया गर्दा सम्बन्धित कार्यक्रमबाट आएकालाई पहिलो प्राथमिकता दिई भर्ना गर्नु पर्नेछ। तर प्रमाणपत्र तहको नर्सिङ कार्यक्रममा अन्य कार्यक्रमको प्रतिक्षा सूचीमा रहेका उम्मेद्वारलाई भर्ना गर्न पाइने छैन।

(आ) स्वास्थ्य समूहका शैक्षिक कार्यक्रममा रिक्त रहेका सिट संख्याका लागि स्वास्थ समूहकै प्रतिक्षा सूचीमा रहेका मध्येबाट र सो बाहेकका अन्य शैक्षिक कार्यक्रमका लागि जुनसुकै कार्यक्रममा निर्देशिकाले तोकेको शैक्षिक योग्यता पुगी प्रतिक्षा सूचीमा रहेका उम्मेद्वारहरूले सो सूची सहित अन्य शिक्षालयमा रिक्त रहेको सिटमा भर्नाका लागि निवेदन दर्ता गराउन पाउनेछन् । यसरी रिक्त रहेको सिटमा भर्ना प्रक्रिया गर्दा शिक्षालयको वेबसाइट/सूचना पाटीमा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(इ) उपरोक्त अनुसार दर्ता हुन आएका निवेदनहरु शिक्षालयको मूल दर्ता किताबमा दर्ता गरी अन्तिम मितिसम्म दर्ता हुन आएका निवेदनहरू मध्येबाट प्रशिक्षार्थी छनोटको योग्यताक्रम अनुसार रिक्त सिटहरुमा प्रशिक्षार्थी भर्ना गर्नु पर्नेछ ।

(ई) उल्लेखित प्रक्रिया अपनाई भर्ना गरिएका प्रशिक्षार्थीहरूको परिषद् रजिष्ट्रेशन गराउँदा माथी प्रक्रियामा माग गरिएका सम्पूर्ण कागजातहरू (सार्वजनिक सूचनाको सक्कल प्रति, निवेदन दर्ता भएको मूल दर्ता किताबको प्रमाणित प्रतिलिपि तथा योग्यताक्रमको सूचीको प्रतिलिपि) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यो प्रक्रिया र कागजात नपुगी आएको प्रशिक्षार्थीको भर्ना स्वतः रद्ध हुनेछ ।

(उ) पूर्ण शुल्कीय कोटाहरुमा पूर्ण शुल्कीय तर्फको योग्यताक्रम सूचीमा उम्मेद्वार नभई कोटा खाली रहन गएको खण्डमा न्यूनतम शैक्षिक योग्यता पुगेका उम्मेद्वारहरुलाई मात्र वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको प्रतिक्षा सूचीबाट भर्ना गर्न सकिनेछ ।

(ऊ) आरक्षित कोटाहरुमा सम्वन्धित कोटाको मुख्य उम्मेदवार भर्ना हुन नआई रिक्त हुन गएको खण्डमा सोही कोटाको प्रतिक्षा सूचीका उम्मेद्वारलाई प्राथमिकताका आधारमा भर्ना गर्न सकिनेछ ।

(ऋ) पूर्ण शुल्कीय तर्फको योग्यताक्रम सूचीमा रहेका उम्मेद्वारहरुलाई योग्यताक्रम अनुसार भर्ना नगरी अनियमित तरीकाले भर्ना गरेको पाइएमा सो को दोब्बर संख्यामा आगामी शैक्षिक सत्रमा वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा कोटा थप गरिनेछ।तर यसरी संख्या थप गर्दा स्वीकृत कोटा भन्दा बढी हुने छैन।

**२०. शिक्षालयले वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको प्रशिक्षार्थीहरू भर्ना गर्दा अपनाउनु पर्ने प्रक्रिया**

क) परिषद् प्रदेश कार्यालयबाट वर्गीकृत (निःशुल्क) छात्रवृत्तिका लागि सिफारिस गरिएका मुख्य उम्मेद्वारहरूले भर्ना सिफारिस भएको मितिले १० दिन भित्र सम्बन्धित शिक्षालयमा भर्ना भई सक्नुपर्नेछ ।

ख) मुख्य उम्मेद्वार भर्ना हुन नआई छात्रवृत्तिको सिट रिक्त रहन आएमा सम्बन्धित शिक्षालयले तोकिएको म्याद भित्र भर्ना हुन नआउने उम्मेद्वारको नाम, कार्यक्रम, संख्या र वर्ग खुलाई सो को लिखित जानकारी परिषद्को सम्बन्धित प्रदेश कार्यालयमा ३ दिन भित्र अनिवार्य रुपमा जानकारी गराइसक्नु पर्नेछ ।

ग) छात्रवृत्तिका लागि दोश्रो वा सो भन्दा बढी पटक सिफारिस गरिएका उम्मेद्वारहरूले सिफारिस गरिएको मितिले ७ दिन भित्र सम्बन्धित शिक्षालयमा भर्ना भई सक्नुपर्नेछ ।

घ) छात्रवृत्तिका लागि सिफारिस भएका उम्मेद्वारहरूलाई सम्बन्धित शिक्षालयले तोकिएको मिति भित्र अनिवार्य रुपमा भर्ना गराई सो को जानकारी ३ दिन भित्र सम्बन्धित प्रदेश कार्यालयलाई गराउनु पर्नेछ ।

ङ) सम्वन्धित शिक्षालयको पत्रको आधारमा परिषद् प्रदेश कार्यालयले रिक्त बर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटामा सिफारिश गरी पठाउनु पर्नेछ । योग्यता सूचीमा सम्वन्धित बर्गको उम्मेद्वार नभएमा अन्य बर्गको उम्मेद्वारहरुका लागि सूचना प्रकाशित गरेर निवेदन माग गरी योग्यताक्रमानुसार सिफारिश गर्नुपर्नेछ ।

च) प्रदेश कार्यालयहरुबाट वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिस गरिएका उम्मेद्वार बाहेक अन्य व्यक्तिलाई छात्रवृत्तिमा भर्ना गर्न पाइने छैन । नियम विपरीत भर्ना गरेको पाइएमा त्यस्तो व्यक्तिको भर्ना जुनसुकै बेला रद्द गरिनेछ ।

छ) सम्वन्धित परिषद् प्रदेश कार्यालयबाट वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको उम्मेद्वार सिफारिस भएको तर कुनै कारणवश भर्ना नभई कोटा खाली रहेको भएमा भर्ना हुन तोकेको म्याद समाप्त भएको मितिले ३ दिन भित्रमा सम्वन्धित शिक्षालयले परिषद्, प्रदेश कार्यालयको इमेल ठेगानामा पत्र पठाई अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ। कोटा रिक्त रहेको जानकारी समयमै नगराई ढिलो गरी जानकारी दिएमा आगामी शैक्षिक सत्रमा सो कार्यक्रमको वर्गीकृत (निःशुःल्क) छात्रवृत्ति कोटामा सोही संख्याको दोब्बर सिट जरिवाना स्वरुप थप गरिनेछ । तर यसरी संख्या थप गर्दा स्वीकृत कोटा भन्दा बढी हुने छैन ।

ज) छात्रवृत्ति व्यवस्थापनमा असहयोग गर्ने तथा नियम विपरित भर्ना गर्ने शिक्षालयको आगामी शैक्षिक सत्रमा सो कार्यक्रमको स्वीकृत कोटा भित्र रहने गरी वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सोही संख्याको दोब्बर सिट जरिवाना स्वरुप थप गरिनेछ ।

**२१. सिफारिस गरिएका उम्मेद्वारहरूले शिक्षालयमा भर्नाका समयमा पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

(१) पूर्ण शुल्कीय, वर्गीकृत (निःशुल्क) छात्रवृत्ति र विशेष छात्रवृत्ति कार्यक्रम तर्फ भर्नाका लागि सिफारिस गरिएका उम्मेद्वारहरूले तोकिएको मिति र समय भित्र निम्न कागजात सहित सम्बन्धित शिक्षालयमा उपस्थित भई भर्ना हुनु पर्नेछ ।

क) तोकिए बमोजिम न्यूनतम योग्यता वा सो सरहको परीक्षाको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि, र नेपाली नागरिकताको प्रमाणपत्र वा नाबालक वा जन्म दर्ताको प्रमाणपत्रको सक्कल तथा प्रमाणित प्रतिलिपि ।

ख) वर्गीकृत (निःशुल्क) छात्रवृत्ति, विशेष छात्रवृत्ति र पूर्ण शुल्कीय लक्षित वर्गको हकमा आफ्नो वर्गको परिचय खुल्ने प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि ।

ग) उम्मेद्वारले भर्ना हुँदाका बखत पाठ्यक्रमले तोके बमोजिम अध्ययन अवधिभर सैद्धान्तिक तथा प्रयोगात्मक कक्षामा उपस्थित हुने अनुसूची ११ मा उल्लेखित स्वघोषणा गरेको कबुलियतनामा ।

घ) अनलाइन आवेदन फारामको निस्सा ।

ङ) पूर्ण शुल्कीय कार्यक्रमको कोटामा नेपाल बाहेक अन्य देशबाट आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गर्नेहरूले नेपाल सरकारले तोकेको निकायद्वारा निर्धारण गरेको समकक्षता प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि ।

**(२) पूर्ण शुल्कीय कार्यक्रममा अध्ययन गर्न चाहने विदेशी नागरिकको हकमा**

क) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणपत्र।

ख) राहदानी तथा प्रवेशाज्ञा आवश्यक पर्ने विदेशी मुलुकका उम्मेद्वारको हकमा राहदानी तथा प्रवेशाज्ञा एवं अध्ययन अनुमति पत्रको प्रमाणित प्रतिलिपि।

ग) राहदानी आवश्यक नपर्ने विदेशी नागरिकको हकमा सम्बन्धित देशको नागरिक खुल्ने कागजात वा नेपाल स्थित सम्बन्धित देशको राजदुतावासबाट जारी गरिएको कागजात।

घ) नेपालमा बसोबास गर्दै आएका शरणार्थी छात्रछात्राको हकमा नेपाल सरकार वा तोकिएका निकायहरूबाट प्रदान गरिएको शरणार्थी परिचय पत्र वा प्रमाणपत्र।

## परिच्छेद - ७
## रजिष्ट्रेशन सम्बन्धी व्यवस्था

प्रत्येक प्रशिक्षार्थीले परिषद्‌को रजिष्ट्रेशनका लागि प.नि.का.ले तोकेको ढाँचाको रजिष्ट्रेशन फाराम भरी आफू अध्ययनरत शिक्षालयमा र सम्बन्धित शिक्षालयले तोकिएको अवधि भित्र रजिष्ट्रेसनको अनलाइन इन्ट्री गरी सम्बन्धित प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

**२२. रजिष्ट्रेशनका लागि आवश्यक कागजातहरु**

रजिष्ट्रेशन फाराम साथ निम्न लिखित कागजातहरु समावेश गरेको हुनुपर्दछ ।

क) प्रदेश कार्यालयले भर्नाका लागि सिफारिस गरेको प्रमाणित योग्यताक्रम सूची । दफा ३.१ (क) र (ख) बमोजिम न्यूनतम योग्यता वा सो सरहको परीक्षाको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ख) पूर्ण शुल्कीयको हकमा दफा १० मा उल्लेख भए बमोजिम नागरिकता, नाबालक वा जन्मदर्ता प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, समकक्षता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । लक्षित वर्गको हकमा वर्ग खुल्ने सिफारिस कागजातको सक्कल । परिचयपत्रको

हकमा प्रमाणित प्रतिलिपि र विदेशी नागरिकको हकमा दफा १० (१) ग घ र ङ बमोजिमका कागजातहरू ।

ग) छात्रवृत्तिका हकमा दफा ११, १२ र १३ मा उल्लेख भए बमोजिम नागरिकता, नाबालक वा जन्मदर्ता प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, समकक्षता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। लक्षित वर्गको हकमा वर्ग खुल्ने सिफारिस कागजातको सक्कल। परिचयपत्रको हकमा प्रमाणित प्रतिलिपि ।

घ) प्रशिक्षार्थी स्वयमले प्रमाणित गरेको Unique ID सहितको Online Application Acceptance Card ।

ङ) अन्य शिक्षणसंस्था तथा कार्यक्रमबाट भर्ना भएका प्रशिक्षार्थीको हकमा शिक्षालयले प्रकाशित गरेको सार्वजनिक सूचना र प्रदेश कार्यालयबाट भर्नाको लागि प्रकाशित गरेको योग्यताक्रम सूची।

च) सम्वन्धित शिक्षालयको मूल दर्ता किताबमा गरिएको दर्ता अभिलेखको प्रमाणित प्रतिलिपि ।

छ) नियम विपरित भर्ना गरी रजिष्ट्रेशन कायम भएता पनि सो कुरा पछि प्रमाणित भएमा त्यस्ता प्रशिक्षार्थीहरूको रजिष्ट्रेशन खारेज गरिनेछ । त्यस्ता शिक्षण संस्थाहरूलाई नियमानुसार कारबाही गरिनेछ।

ज) प.नि.का.ले तोकेको समय सीमा भित्रमा रजिष्ट्रेशन गर्न छुट भएको भनी सम्वन्धित शिक्षालयले प्रदेश कार्यालय मार्फत सिफारिश भई आएमा पनि छुट भएको सिट संख्याको बराबर संख्यामा आगामी शैक्षिक सत्रको सोही कार्यक्रममा तोकिएको कुल सिटमा नबढ्ने गरी वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटा थप गरिनेछ। सो को कबुलियतनामा सम्वन्धित शिक्षालयले गर्नुपर्नेछ।

झ) प्रशिक्षार्थीको रजिष्ट्रेशन समयावधि २०८२ मंसिर मसान्तसम्म कायम रहनेछ ।

ञ) शिक्षालयले प्रशिक्षार्थी भर्ना गर्ने बेलामा नै प्रशिक्षार्थीहरुको रजिष्ट्रेशनको आवेदन फाराम भराई ITMS Online मा Entry गर्नु पर्नेछ ।

ट) परीक्षा नियन्त्रण कार्यालयबाट रजिष्ट्रेसनका लागि प्रकाशित हुने सूचना बमोजिमको समय सीमा समाप्त भएको ३ दिन भित्रमा कार्यक्रम अनुसारका तोकिएका शुल्कहरु (सूचना प्रकाशन शुल्क, संस्थागत विकास शुल्क र रजिष्ट्रेशन शुल्क) जम्मा गरी समष्टीगत विवरण सहितको रजिष्ट्रेशन फाइल सम्बन्धित प्रदेश कार्यालयमा बुझाउनुपर्नेछ । तोकिएको समय भित्र शुल्क नबुझाएमा जरिवाना बापत बिलम्ब शुल्क लाग्नेछ ।

ठ) प्रशिक्षार्थीको रजिष्ट्रेशन कायम भैसकेपछि कार्यक्रम परिवर्तन हुने छैन ।

ड) कुनै प्रशिक्षार्थीको शिक्षण संस्थामा नियमानुसार भर्ना नै नभई शिक्षण संस्थाले ITMS Online मा Entry गरी रजिष्ट्रेशनको म्याद समाप्त भएपछि सो Online मा भएको रजिष्ट्रेशन रद्ध हुने छैन । साथै नियम विपरित रजिष्ट्रेशन गर्ने त्यस्ता शिक्षण संस्थालाई आगामी शैक्षिक शत्रमा स्वीकृत कोटामा नबढ्ने गरी २ वटा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटा थप जरिवाना हुनेछ ।

## परिच्छेद - ८

## शुल्क सम्वन्धी व्यवस्था

### २३. आवेदन फाराम शुल्क

आवेदकले विद्युतीय भुक्तानी प्लाटफर्म मार्फत प.नि.का. को खातामा आवेदन फाराम वापतको शुल्क जम्मा गर्नु पर्नेछ ।

**(१) आवेदकले बुझाउने शुल्क**

क) प्रत्येक आवेदकले डिप्लोमा तथा प्रमाणपत्र तहमा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तथा पूर्ण शुल्कीय तर्फ रु. १,०००।- का दरले बुझाउनु पर्नेछ

ख)	प्रत्येक आवेदकले प्रि-डिप्लोमा तहमा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तथा पूर्ण शुल्कीय तर्फ रु. ५००।- का दरले बुझाउनु पर्नेछ ।

ग)	प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम तर्फ आवेदन शुल्क लाग्ने छैन ।

**(२) शिक्षालयले बुझाउने शुल्क :**

क) प्रत्येक शिक्षालयले भर्ना तथा आवेदन फाराम माग सम्बन्धी सूचना वेबसाइट तथा पत्रिकामा प्रकाशित सूचनाको दस्तुर वापत प्रति कार्यक्रम रु. ५,०००। का दरले र एकै शिक्षालयमा एक भन्दा बढी कार्यक्रम संचालन भएको खण्डमा प्रति थप कार्यक्रम वापत रु. ३,०००। का दरले सूचना प्रकाशन शुल्क बुझाउनु पर्नेछ ।

ख) रजिष्ट्रेशन सम्बन्धी शुल्कः परिषद्बाट निजी स्तरमा कार्यक्रम सञ्चालनको सम्बन्धन/स्वीकृती पाएका शिक्षालयहरुले रजिष्ट्रेशन शुल्कबापत प्रति प्रशिक्षार्थी रु. २,५००।- र संस्थागत विकास शुल्कबापत प्रति प्रशिक्षार्थ रु. २,०००।- दरले एकमुष्ट बुझाउनु पर्नेछ । परिषद्का आंगिक, साझेदारी, सरकारी/सामुदायिक विद्यालय अन्तर्गत संचालित शैक्षिक कार्यक्रममा अध्ययनरत प्रशिक्षार्थीहरूको हकमा रजिष्ट्रेशन शुल्क प्रति प्रशिक्षार्थी रु. ५००।- दरले एकमुष्ट बुझाउनु पर्नेछ । विशेष छात्रवृत्ति र प्रायोजित औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) कार्यक्रमका हकमा निजी शिक्षालयका लागि तोकिएको शुल्क लाग्नेछ ।

(३) **अन्य शुल्क** : अन्य शुल्कको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आर्थिक प्रशासन सम्वन्धी विनियमावली, २०६२ (संशोधन सहित) र परीक्षा सम्बन्धी विनियमावली, २०७१ (संशोधन सहित) अनुसार हुनेछ ।

(४) **आर्थिक कारोवार सम्वन्धमा**ः प्रशिक्षार्थीहरुसँग शिक्षण संस्थाले आर्थिक कारोबार गर्दा अनिवार्य रुपमा बैंक मार्फत मात्र कारोबार गर्नु गराउनु पर्नेछ । आवश्यक परेको खण्डमा बैंक स्टेटमेण्ट जुनसुकै समयमा उपलव्ध गराउनु पर्नेछ ।

## परिच्छेद ९
## विविध

**२४. अनुगमन**

क) प्रशिक्षार्थी भर्ना प्रकृया सम्बन्धमा परिषद् प्रदेश कार्यालयले आवश्यक कर्मचारी खटाई अनुगमन गर्न सक्नेछ । साथै आवश्यकता अनुसार परिषद् परीक्षा नियन्त्रण कार्यालय र केन्द्रीय कार्यालयले समेत अनुगमन गर्न सक्नेछ ।

ख) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सम्बन्धित प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले यस निर्देशिका बमोजिम प्रशिक्षार्थी छनोट प्रक्रिया, योग्यताक्रम सूची प्रकाशन, प्रशिक्षार्थी भर्ना प्रक्रिया र रजिष्ट्रेशन सम्मका सम्पूर्ण क्रियाकलापहरुको जुनसुकै बेला पनि अनुगमन गर्न सक्नेछन् ।

ग) प्रशिक्षार्थी छनोट उप-समिति र शिक्षालयले अनुगमनमा आएका कर्मचारीहरुलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

**२५. शैक्षिक क्यालेण्डरको निर्माण र कार्यन्वयन**

शैक्षिक कार्यतालिका समेटेर परीक्षा नियन्त्रण कार्यालयबाट वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशन गरिने छ । परीक्षा नियन्त्रण कार्यालयको शैक्षिक क्यालेण्डरको आधारमा शिक्षालयबाट सम्पादन गरिने अतिरिक्त क्रियाकलापसहितको योजना तयार गरी शैक्षिक क्यालेण्डर निर्माण गरी सूचनापाटी वा वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ । परीक्षा नियन्त्रण कार्यालयबाट शैक्षिक सत्र २०८२।०८३ मा हुने प्रशिक्षार्थी भर्ना, नियमित पठनपाठन, परीक्षा सञ्चालन र नतिजा प्रकाशन हुने समय तालिका सहितको शैक्षिक क्यालेण्डर अनुसूची १२ मा दिइएको छ।

**२६. खारेजी र बचाऊ**

क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाण पत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८१ लाई खारेज गरिएको छ। सो निर्देशिकाहरू बमोजिम भए गरेका कामहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

ख) यस निर्देशिकामा भएका व्यवस्थाहरु यसै निर्देशिका बमोजिम र निर्देशिकामा नभएका व्यवस्थाहरू परिषद्को ऐन, नियम, विनियमहरू तथा परीक्षा समितिको निर्णय बमोजिम हुनेछ ।

ग) यस निर्देशिकामा भएका व्यवस्थाहरू परिषद्को ऐन, नियम तथा विनियमहरूसँग बाझिन गएको खण्डमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

घ) यस निर्देशिकामा उल्लेख भएका व्यवस्थाहरु अस्पष्ट भएमा सो को व्याख्या गरी स्पष्ट गर्ने अधिकार परिषद् परीक्षा समितिलाई हुनेछ ।

# अनुसूची

अनुसूची १

पुर्ण शुल्कीय अनलाइन आवेदन फाराम भर्नको लागि निर्देशन
निर्देशिकाको दफा ८(क) संग सम्वन्धित

Council for Technical Education and Vocational Training

Office of the Controller of Examinations

Sanothimi, Bhaktapur

**Web Based Online Integrated Training Management System (ITMS)**

# User Manual

अनुसूची २

वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा अनलाइन आवेदन फाराम भर्नको लागि निर्देशन
निर्देशिकाको दफा ८(घ) संग सम्वन्धित

Council for Technical Education and Vocational Training

Office of the Controller of Examinations

Sanothimi, Bhaktapur

**Web Based Online Integrated Training Management System (ITMS)**

# User Manual

## अनुसूची ३

(निर्देशिकाको दफा ११(घ) संग सम्वन्धित)

| दलित वर्गमा सूचीकृत जात-जातिहरुको विवरण | | | |
|---|---|---|---|
| १.गन्धर्व (गाइने),<br>२. परियार (दमाई, दर्जी, सूचिकार, नगर्ची, ढोली, हुड्के),<br>३. बादी,<br>४. विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनंरा, पार्की, टमटा),<br>५. मिजार (सार्की, चर्मकार, भूल),<br>६. पोडे (देउला, पूजारी, जलारी),<br>७. च्यामे (कुचीकार, च्याम्खल), | ८. कलर,<br>९. ककैहिया,<br>१०. कोरी,<br>११. खटिक,<br>१२. खत्वे (मण्डल, खङ्ग),<br>१३. चमार (राम, मोची, हरिजन, रविदास),<br>१४. चिडिमार, | १५. डोम (मरिक),<br>१६. तत्मा (तांती, दास),<br>१७. दुसाध (पासवान, हजरा),<br>१८. धोवी (रजक, हिन्दु),<br>१९. पासी,<br>२०. बाँतर,<br>२१. मुसहर, | २२. मेस्तर (हलखोर),<br>२३. सरभङ्ग (सरवरिया),<br>२४. नटुवा,<br>२५. ढाँडी,<br>२६. धरिकर/धनका |

## अनुसूची ४

(निर्देशिकाको दफा ११(च) संग सम्वन्धित)

| आदिवासी जनजाति वर्गमा सूचीकृत जात-जातिहरुको विवरण | | | | |
|---|---|---|---|---|
| १. राउटे,<br>२. कुसुण्डा,<br>३. वनकरिया,<br>४. सुरेल,<br>५. हायू,<br>६. राजी,<br>७. किसान,<br>८. लेप्चा,<br>९. मेचे (बोडो),<br>१०. कुशबडिया, | १. माझी,<br>२. ल्होमी (शिङसावा),<br>३. थुदाम,<br>४. धानुक (राजवंशी),<br>५. झाँगड,<br>६. चेपाङ,<br>७. सतार (सन्थाल),<br>८. थामी,<br>९. वोटे,<br>१०. दनुवार,<br>११. सियार,<br>१२. बरामु, | १. सुनुवार,<br>२. थारु,<br>३. तामाङ,<br>४. भुजेल,<br>५. कुमाल,<br>६, राजवंशी (कोच),<br>७. गन्गाई,<br>८. धिमाल,<br>९. भोटे,<br>१०. दराई,<br>११. ताजपुरिया,<br>१२. पहारी,<br>१३, तोक्पेगोला,<br>१४. डोल्पो,<br>१५. फ्रि,<br>१६. मुगाली,<br>१७. लार्के,<br>१८. वालुङ,<br>१९. ल्होपा,<br>२०. दुरा, | १. मगर,<br>२. राई,<br>३. लिम्बु,<br>४. गुरुङ्ग,<br>५. वाह्गाउँले थकाली,<br>६. मार्फाली थकाली,<br>७. छैरोतन,<br>८. शेर्पा,<br>९. तांवे,<br>१०.तीन गाउँले थकाली,<br>११. याक्खा,<br>१२. छन्त्याल,<br>१३. जिरेल,<br>१४. व्याँसी,<br>१५. ह्योल्मो, | १. थकाली,<br>२. नेवार,<br>३. राना थारु |

# अनुसूची ५

(निर्देशिकाको दफा १२(ख)(ऊ) संग सम्वन्धित)

| पहुँच नपुगेका स्थानीय तहको सूची | | | |
|---|---|---|---|
| क्र.स. | प्रदेश | जिल्ला | स्थानीय तह |
| १ | कोशी | इलाम | माई जोगमाई गाउँपालिका |
| २ | कोशी | इलाम | माई नगरपालिका |
| ३ | कोशी | खोटाङ्ग | केपिलासगढी गाउँपालिका |
| ४ | कोशी | खोटाङ्ग | दिप्रुङ्ग गाउँपालिका |
| ५ | कोशी | खोटाङ्ग | बराहपोखरी गाउँपालिका |
| ६ | कोशी | ताप्लेजुङ्ग | आठराईत्रिवेणी गाउँपालिका |
| ७ | कोशी | ताप्लेजुङ्ग | फक्ताङ्लुङ्ग गाउँपालिका |
| ८ | कोशी | ताप्लेजुङ्ग | मिक्वाखोला गाउँपालिका |
| ९ | कोशी | ताप्लेजुङ्ग | याङ्वरक गाउँपालिका |
| १० | कोशी | ताप्लेजुङ्ग | सिदिङ्गवा गाउँपालिका |
| ११ | कोशी | तेह्रथुम | फेदाप गाउँपालिका |
| १२ | कोशी | तेह्रथुम | मेन्छयायेम गाउँपालिका |
| १३ | कोशी | धनकुटा | खाल्सा छिन्ताङ्ग सहिदभूमि |
| १४ | कोशी | पाँचथर | हिलिहाङ्ग गाउँपालिका |
| १५ | कोशी | भोजपुर | साल्पासिलिछो गाउँपालिका |
| १६ | कोशी | मोरङ्ग | कटहरी गाउँपालिका |
| १७ | कोशी | सङ्खुवासभा | चिचिला गाउँपालिका |
| १८ | कोशी | सङ्खुवासभा | मकालु गाउँपालिका |
| १९ | कोशी | सङ्खुवासभा | सभापोखरी गाउँपालिका |
| २० | कोशी | सुनसरी | गढी गाउँपालिका |
| २१ | कोशी | सुनसरी | भोक्राहा गाउँपालिका |
| २२ | कोशी | सोलुखुम्बु | खुम्बुपासाङल्हामु गाउँपालिका |
| २३ | कोशी | सोलुखुम्बु | लिखु पिके गाउँपालिका |
| २४ | मधेश | धनुषा | क्षिरेश्वरनाथ नगरपालिका |
| २५ | मधेश | धनुषा | धनौजी गाउँपालिका |
| २६ | मधेश | पर्सा | जगरनाथपुर गाउँपालिका |
| २७ | मधेश | पर्सा | जिराभवानी गाउँपालिका |
| २८ | मधेश | पर्सा | धोबीनी गाउँपालिका |
| २९ | मधेश | पर्सा | पटेर्वासुगौली गाउँपालिका |
| ३० | मधेश | पर्सा | बिन्दबासिनी गाउँपालिका |
| ३१ | मधेश | बारा | देवताल गाउँपालिका |
| ३२ | मधेश | बारा | बारागढी गाउँपालिका |
| ३३ | मधेश | महोत्तरी | साम्सी गाउँपालिका |
| ३४ | मधेश | रौतहट | परोहा नगरपालिका |
| ३५ | मधेश | रौतहट | बौधीमाई नगरपालिका |
| ३६ | मधेश | रौतहट | राजपुर नगरपालिका |
| ३७ | मधेश | सप्तरी | महादेवा गाउँपालिका |
| ३८ | मधेश | सर्लाही | चक्रघट्टा गाउँपालिका |
| ३९ | मधेश | सर्लाही | धनकौल गाउँपालिका |
| ४० | मधेश | सर्लाही | पर्सा गाउँपालिका |
| ४१ | मधेश | सर्लाही | बसबरिया गाउँपालिका |

| | | | |
|---|---|---|---|
| ४२ | मधेश | सर्लाही | रामनगर गाउँपालिका |
| ४३ | बागमती | काभ्रेपलान्चोक | नमोबुद्ध नगरपालिका |
| ४४ | बागमती | काभ्रेपलान्चोक | मण्डनदेउपुर नगरपालिका |
| ४५ | बागमती | चितवन | खैरहनी नगरपालिका |
| ४६ | बागमती | नुवाकोट | तारकेश्वर गाउँपालिका |
| ४७ | बागमती | नुवाकोट | दुप्चेश्वर गाउँपालिका |
| ४८ | बागमती | नुवाकोट | मेघाङ्ग गाउँपालिका |
| ४९ | बागमती | रसुवा | पार्वतीकुण्ड गाउँपालिका |
| ५० | बागमती | सिन्धुपाल्चोक | भोटेकोशी गाउँपालिका |
| ५१ | बागमती | सिन्धुली | ध्याङलेख गाउँपालिका |
| ५२ | गण्डकी | बाग्लुङ्ग | तमानखोला गाउँपालिका |
| ५३ | गण्डकी | गोरखा | चुमनुब्री गाउँपालिका |
| ५४ | गण्डकी | तनहुँ | देवघाट गाउँपालिका |
| ५५ | गण्डकी | पर्बत | जलजला गाउँपालिका |
| ५६ | गण्डकी | पर्बत | पैयुं गाउँपालिका |
| ५७ | गण्डकी | मनाङ्ग | नारफु गाउँपालिका |
| ५८ | गण्डकी | मनाङ्ग | नाशोङ गाउँपालिका |
| ५९ | गण्डकी | मनाङ्ग | नेस्याङ गाउँपालिका |
| ६० | गण्डकी | मुस्ताङ्ग | दालोमे गाउँपालिका |
| ६१ | गण्डकी | मुस्ताङ्ग | बाह्रगाउँमुक्तिक्षेत्र गाउँपालिका |
| ६२ | गण्डकी | लमजुङ्ग | दुधपोखरी गाउँपालिका |
| ६३ | गण्डकी | लमजुङ्ग | दोर्दी गाउँपालिका |
| ६४ | लुम्बिनी | अर्घाखाँची | शितगङ्गा नगरपालिका |
| ६५ | लुम्बिनी | अर्घाखाँची | भुमिकास्थान नगरपालिका |
| ६६ | लुम्बिनी | रुपन्देही | ओमसतिया गाउँपालिका |
| ६७ | लुम्बिनी | रुपन्देही | कोटहीमाई गाउँपालिका |
| ६८ | लुम्बिनी | रुपन्देही | सम्मरीमाई गाउँपालिका |
| ६९ | कर्णाली | कालिकोट | पलाता गाउँपालिका |
| ७० | कर्णाली | डोल्पा | छार्कताङसोङ गाउँपालिका |
| ७१ | कर्णाली | डोल्पा | डोल्पोबुद्ध गाउँपालिका |
| ७२ | कर्णाली | डोल्पा | शेफोक्सुण्डो गाउँपालिका |
| ७३ | कर्णाली | दैलेख | ठाँटीकाँध गाउँपालिका |
| ७४ | कर्णाली | सल्यान | ढोरचौर गाउँपालिका |
| ७५ | कर्णाली | हुम्ला | अदानचुली गाउँपालिका |
| ७६ | सुदुरपश्चिम | कञ्चनपुर | लालझाडी गाउँपालिका |
| ७७ | सुदुरपश्चिम | बझाङ्ग | काँडा गाउँपालिका |
| ७८ | सुदुरपश्चिम | बाजुरा | पाण्डव गुफा गाउँपालिका |

## अनुसूची ६
### निर्देशिकाको दफा १४(क) संग सम्वन्धित

| क्र.सं | परिषद् प्रदेश कार्यालय | इमेल ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | कोशी | ctevtprovince1@gmail.com | |
| २. | मधेश | ctevtmadhshexam@gmail.com | |
| ३. | बागमती | bagmati.ctevt@gmail.com | |
| ४. | गण्डकी | exam.ctevtgandaki@gmail.com | |
| ५. | लुम्बिनी | ctevtprovince5@gmail.com | |
| ६. | कर्णाली | ctevt.karnali@gmail.com | |
| ७. | सुदूरपश्चिम | ccs.kailali078@gmail.com | |

# अनुसूची ७

(वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको योग्यताक्रम सूची प्रकाशनको सूचनाको ढांचा)

(निर्देशिकाको दफा १५ (घ) संग सम्वन्धित)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

...........प्रदेश कार्यालय

......................................

**प्रि-डिप्लोमा तथा डिप्लोमा/प्रमाणपत्र तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फका कार्यक्रमहरुको प्रशिक्षार्थी छनोटको योग्यताक्रम सूची प्रकाशन गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०८....।..........।......)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति.................... गते प्रकाशित सूचना अनुसार प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरूमा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ अध्ययनको लागि तोकिएको म्याद भित्र रितपूर्वक पर्न आएका अनलाइन आवेदन फाराम मध्ये प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनोट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२ बमोजिम रुजु गरी एस.एल.सी./एस.ई.ई. को नतिजामा प्राप्त अङ्क/जी.पी.ए. का आधारमा स्वीकृत कार्यक्रमहरुको वर्ग र कोटामा योग्यताक्रमानुसार मिति २०८...।..........।............गतेको निर्णय बमोजिम मुख्य उम्मेदवार तथा वैकल्पिक उम्मेदवारको योग्यताक्रम र रद्ध गरिएका आवेदकहरूको सुची समेत प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । मुख्य उम्मेद्वारको रुपमा छनौट भई भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरु मिति २०.........।.........।......... गते कार्यालय समय भित्रमा आफ्नो Application Acceptance Card योग्यताक्रम सूचीको प्रति, शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र, नागरिकता वा जन्मदर्ता, छनौट भएको लक्षित वर्गको सक्कल प्रमाणपत्र, पासपोर्ट साइजको फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानकारी गराइन्छ । सम्बन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्बन्धी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम उम्मेद्वारहरूले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरू शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गर्नु गराउनु हुन अनुरोध छ । साथै भर्नाका लागि तोकिएका शिक्षालयका कार्यक्रमहरुमा भर्ना हुन तोकिएको अन्तिम मितिसम्म भर्ना हुन नआएका उम्मेद्वारहरूको जानकारी परिषद्, ........ प्रदेश कार्यालयको इमेल ठेगाना.................................मा अनिवार्य रुपमा भर्ना सम्बन्धी निर्देशिकाको दफा १८ बमोजिम ३ दिन भित्रमा लिखित जानकारी गराउनु पर्नेछ ।

निर्देशक

## अनुसूची ८

(पूर्ण शुल्कीय तर्फको योग्यताक्रम सूची प्रकाशनको सूचनाको ढाँचा)

(निर्देशिकाको दफा १६ (घ) सँग सम्बन्धित)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

............प्रदेश कार्यालय

......................

**प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहको पूर्ण शुल्कीय तर्फको कार्यक्रमको योग्यताक्रम सूची प्रकाशन गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०८...।..........।......)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति.................... गते प्रकाशित सूचना अनुसार यस प्रदेश अन्तर्गत रहेका शिक्षालयहरूमा प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका पूर्ण शुल्कीय तर्फका कार्यक्रमहरूमा अध्ययनका लागि अनलाइन मार्फत प्राप्त आवेदनहरू रुजु गरी प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनोट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२ बमोजिम एस.एल.सी./एस.ई.ई. को नतिजामा प्राप्त अङ्क/जी.पी.ए. का आधारमा र सामुदायिक तथा संस्थागत बिद्यालय/शिक्षालयको अंकभारका आधारमा सम्बन्धित शिक्षालयको स्वीकृत कार्यक्रम तथा कोटामा मिति २०८..।..........।.............गतेको निर्णयानुसार मुख्य उम्मेदवार तथा वैकल्पिक उम्मेद्वार सहितको योग्यताक्रम सूची र रद्द गरिएका आवेदकहरूको सूची शिक्षालयगत रूपमा प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

मुख्य उम्मेद्वारको रुपमा छनौट भई भर्नाका लागि सिफारिश भएका उम्मेद्वारहरू मिति २०८..।.........।......... गते कार्यालय समय भित्रमा आफ्नो Application Acceptance Card, योग्यताक्रमको प्रति, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता वा जन्मदर्ता प्रमाणपत्र, छनौट भएको लक्षित वर्गको सक्कल प्रमाणपत्र, पासपोर्ट साइजको फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानकारी गराइन्छ । साथै सम्बन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्बन्धी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम उम्मेद्वारहरूले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गर्नु गराउनु हुन अनुरोध छ ।

निर्देशक

# अनुसूची ९

योग्यताक्रम सूची प्रकाशनको ढाँचा
(निर्देशिकाको दफा १७ (२) छ संग सम्वन्धित)

Council for Technical Education and Vocational Training (CTEVT)

**Office of the Controller of Examinations**

………………… Province Office

……………….., …………………..

**……… Level Full Fee Paying Result, 2082**

**Insitute: ………………………………………., (Address)**
**Programme:……………………………………………………………………………………..**

**CLASSIFIED SCHOLARSHIP QUOTA:**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |
| 2. | | | | |
| 3. | | | | |

**MERIT SCHOLARSHIP QUOTA:**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |

**MAIN CANDIDATE OF CTEVT STAFF QUOTA**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |

**ALTERNATIVE CANDIDATE LIST OF CTEVT STAFF QUOTA**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |

**MAIN CANDIDATE OF LAXIT BERGA QUOTA:**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |
| 2. | | | | |
| 3. | | | | |
| 4. | | | | |

**ALTERNATIVE CANDIDATE LIST OF LAXIT BERGA QUOTA:**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |
| 2. | | | | |

**MAIN CANDIDATE OF OPEN QUOTA:**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |
| 2. | | | | |
| 3. | | | | |
| 4. | | | | |
| 5. | | | | |

| | | | | |
|---|---|---|---|---|
| 6. | | | | |
| 7. | | | | |
| 8. | | | | |
| … | | | | |
| 31. | | | | |

**ALTERNATIVE CANDIDATE LIST OF OPEN QUOTA**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |
| 2. | | | | |
| 3. | | | | |
| 4. | | | | |
| …. | | | | |

**REJECTED LIST**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | REMARKS |
|---|---|---|---|
| 1. | | | |
| 2. | | | |
| 3. | | | |

# अनुसूची १०

(सामान्य चिकित्सा, फार्मेसी र नर्सिङ्ग कार्यक्रममा कोटा रिक्त भएमा शिक्षालयले जारी गर्नुपर्ने सूचनाको नमूना)

(निर्देशिकाको दफा १९(ख) सँग सम्बन्धित)

.......................शिक्षालय

ठेगानाः....................................

**डिप्लोमा/प्रमाणपत्र तह ............कार्यक्रमको पूर्ण शुल्कीय तर्फ रिक्त सिटहरुमा छनौटका लागि निवेदन दिने सम्वन्धी अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०८..।..........।......)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति.................... गते प्रकाशित सूचना अनुसार मिति ................... गते सम्म यस शिक्षालयमा पूर्ण शुल्कीय तर्फ ................. कार्यक्रममा ............................प्रदेश कार्यालयले मुख्य उम्मेदवारका रुपमा छनौट गरी भर्ना सिफारिश गरिएका उम्मेद्वारहरु मध्ये देहायका कार्यक्रमहरुमा मुख्य उम्मेद्वारहरु भर्ना हुन नआई सिट रिक्त रहेको हुँदा सम्बन्धित कार्यक्रमहरुको वैकल्पिक योग्यताक्रम सूचीमा रहेका उम्मेद्वारहरुले पहिलो प्राथमिकता पाउने गरी देशभरीका योग्यताक्रम सूचीमा रहेका उम्मेद्वारहरुबाट यो सूचना प्रकाशन भएको मितिले ५ दिन भित्रमा यस शिक्षालयमा रितपुर्वक निवेदन दिनु हुन अनुरोध छ । साथै योग्यताक्रम सूचीमा रहेका उम्मेद्वारहरुबाट प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनोट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२ को दफा १९ बमोजिम छनौट गरी भर्ना गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः

| क्र.सं. | कार्यक्रम | रिक्त वर्ग/कोटा | रिक्त सिट संख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

शिक्षालय प्रमुख

## अनुसूची ११

(स्व-घोषणाको नमुना)

(निर्देशिकाको दफा २१(ग) सँग सम्बन्धित)

मितिः २०८...।........।........

श्रीमान् शिक्षालय प्रमुखज्यू,
................शिक्षालय,
.....................

**बिषयः स्व-घोषणा सम्बन्धमा ।**

उपर्युक्त सम्वन्धमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयद्वारा मिति २०८....।.........।........ गते .......... प्रकाशित प्रि-डिप्लोमा/डिप्लोमा तथा प्रमाणपत्र तहको पूर्ण शुल्कीय/वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको ............................................कार्यक्रमको योग्यताक्रम सूचीको ................................. कोटामा मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाका लागि सिफारिस भएकोले भर्ना गर्न तोकिएको सम्पूर्ण शैक्षिक तथा वर्गको सक्कल प्रमाणपत्रहरु, Application Acceptance Card, नागरिकताको प्रमाणपत्र, पासपोर्ट साइजको फोटो लिई उपस्थित भएको र उक्त कार्यक्रममा नियमानुसार भर्ना भएपछि पाठ्यक्रमले तोके बमोजिम सैद्धान्तिक र प्रयोगात्मक कक्षाहरुमा उपस्थित हुने स्व-घोषणा गर्दछु । पाठ्यक्रमले तोके बमोजिम न्यूनतम उपस्थित हुन नसकेमा परीक्षामा सहभागी हुन अयोग्य हुनेछु भन्ने व्यहोरा मलाई राम्रोसँग जानकारी भएकाले प.नि.का, परिषद् प्रदेश कार्यालय र शिक्षालयले लिने जुनसुकै कार्यवाहीको निर्णय स्वीकार गर्ने व्यहोरा समेत अनुरोध छ । साथै यसै कारणले अध्ययन निरन्तर गर्न नसकेमा हुने आर्थिक, सामाजिक तथा समयको क्षतिका सम्बन्धमा मलाई पूर्व जानकारी भएकाले यस सम्बन्धमा कुनै उजुरबाजुर गर्ने छैन भनी दस्तखत गरिदिएको छु ।

निवेदक

| | |
|---|---|
| प्रशिक्षार्थीको नाम, थरः ............................... | भर्ना हुने प्रशिक्षार्थीको म |
| दस्तखतः ................................................ | ............................................ अभिभावक |
| सिम्बल नंः ............................................. | नाता...........................माथि उल्लेखित विषयको मलाई |
| कार्यक्रमः ................................................ | जानकारी भएकाले यस स्वघोषणामा दस्तखत गरेको छु । |
| कोटाः .................................................. | भर्ना गर्न जाने अभिभावकको नामः ................. |
| सम्पर्क मोबाइल नं. ................................. | दस्तखतः.................................................... |
| मितिः २०८...।............।........... गते | सम्पर्क मोबाइल नं ..................................... |

# अनुसूची १२

शैक्षिक कार्यतालिका

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहको शैक्षिक कार्यतालिका

| **क.सं** | **मुख्य कार्यक्रम** | **समय** | | **कैफियत** |
|---|---|---|---|---|
| | | **देखि** | **सम्म** | |
| १. | आवेदन फाराम भर्ने सूचना प्रकाशन | एस.ई.ई को नतिजा लगत्तै | १५ दिन | |
| २. | योग्यताक्रम तथा भर्ना सिफारिश | श्रावण दोश्रो हप्ता | | |
| ३. | पठन पाठन शुरु | भाद्र दोश्रो हप्ता | | |
| ४. | रजिष्ट्रेशन | श्रावण तेश्रो हप्ता | मंसिर मसान्त सम्म | |
| ५. | सेमेष्टर परीक्षा संचालन (प्रथम) | फागुन पहिलो हप्ता | | |
| ६. | बार्षिक/सेमेष्टर (दोश्रो) परीक्षा संचालन | भाद्र पहिलो हप्ता | | |